

निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

PRATEEK DAILY

राष्ट्रिय 'क' वर्ग

# प्रतीक दैनिक

eprateekdaily.com



Kirloskar Oil Engines




अधिकृत बिक्रेता:
महाकाली इन्टरनेशनल प्रा.लि.
मुर्ली, वीरगंज-१३, पर्सा
मो: ९८५५०२२५८०


❖ वर्ष ३५ ❖ २०७९ वैशाख ३१ गते शनिवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 May 14 Saturday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २५५

## सामान्य घटनाबाहेक पर्सामा शान्तिपूर्णरूपमा मतदान सम्पन्न, राति ७ बजेसम्म मतदान

प्रस, वीरगंज, ३० वैशाख/

पर्सा जिल्लामा स्थानीय तहको निर्वाचन शान्तिपूर्णरूपमा सम्पन्न भएको छ।



वीरगंज महानगर वडा नं ११ स्थित नेपाल राष्ट्रिय विद्यापीठ माविमा रहेको मतदानस्थल। तस्वीरः प्रतीक

शुक्रवार बिहान ७ देखि साँझ ५ बजेसम्मको मतदान समयमा १४ वटै पालिकामा उत्साहजनक सहभागितामा मतदान सम्पन्न भएको छ। छिटपुटरूपमा छिपहरमाई गाउँपालिकामा सत्ता गठबन्धन र एमालेबीच झडप भएको र प्रहरीले चार राउन्ड हवाई फायर गर्नुपरेको थियो। झडपको क्रममा दुईजना घाइते भएको बताइएको छ। पोखरिया नगरपालिका वडा नं २, ४ र ९ मा मतदान केन्द्रमा उम्मेदवारहरूले मतदाता आकर्षित पार्ने कार्य गरेको भन्दै सामान्य विवाद भएको थियो।



जीराभवानी गापा सेढवास्थित मतदानस्थलमा लामबद्ध महिलाहरू। तस्वीरः प्रतीक

यसैबीच, आज सम्पन्न मतदानमा मधेस प्रदेशका मुख्यमन्त्री लालबाबू राउत गद्दी र एमालेबाट नगरप्रमुखका उम्मेदवार विजयकुमार सरावगीले वडा नं १३ को खाद्य संस्थानमा रहेको मतदान केन्द्रमा मत खसाले। सत्ता गठबन्धनको जसपाबाट नगरप्रमुखका उम्मेदवार राजेशमान सिंहले वडा नं ३ मालपोत कार्यालयमा रहेको मतदान केन्द्रमा मतदान गरे। राप्रपाबाट नगरप्रमुखका उम्मेदवार गिरीश गिरीले वडा नं ९ स्थित नेपाल रेलवे माविको मतदान केन्द्रमा मतदान गरे।

महानगरमा नगरप्रमुख पदमा ३० जनाको उम्मेदवारी परे पनि अन्य २७ जनाले न प्रचारप्रसार गरे, न उनीहरूको कसैलाई नाम, ठेगाना नै थाहा छ।

यसैगरी, लोसपाबाट उपप्रमुखका उम्मेदवार पुरुषोत्तमलाल झाले वडा नं १५ मा, सत्ता गठबन्धनबाट काङ्ग्रेसका उम्मेदवार इम्तियाज आलमले वडा नं २ मा र स्वतन्त्र उम्मेदवार रम्भा मिश्रले वडा नं ३ मा मतदान गरे।

### पर्सामा ७२ प्रतिशत मतदान, महानगरमा ७७ प्रतिशत मतदान

पर्साका १४ वटा पालिकामा करीब ७२ प्रतिशतभन्दा बढी मतदान भएको अनुमान गरिएको छ। एक महानगर, तीन नगरपालिका र १० गाउँपालिका रहेको पर्सा जिल्लामा ७२ प्रतिशतभन्दा बढी मतदान भएको बताइएको छ। अन्य पालिकामा पनि कुनैमा ७० भन्दा कम र कुनैमा ७० भन्दा बढी मतदान भएको मतदान अधिकृतहरूले बताएका छन्। पर्सामा समग्रमा मत खसेको प्रतिशत करीब ७२ भन्दा बढी आउने अनुमान गरिएको छ।

पर्साको पोखरिया नपाका मुख्य मतदान अधिकृत पदमबहादुर कार्कीले कुल १९ हजार ६७० मतदाता रहेकामा १६ हजार ६४५ मत खसेको बताए। त्यसैगरी, बहुदरमाई नपाका मुख्य मतदान अधिकृत कैलाशप्रसाद भट्टराईले करीब ७२ प्रतिशत मतदान भइसकेको र अहिले पनि केही स्थानमा मतदान जारी रहेको बताए। राति ७ बजेपछि नै मतदान सकिने उनले बताए। कालिकामाई नगरपालिकामा १२ हजार ९६५ मतदाता रहेकामा १० हजार ९५५ जनाले मतदान गरेका छन्।

पर्सा जिल्लाका १४ वटा स्थानीय तहमा तीन लाख ३९ हजार ८३६ मतदाता छन्। जिल्ला निर्वाचन कार्यालय, पर्साका अनुसार १४ स्थानीय तहमा कुल एक लाख ९१ हजार ५३७ पुरुष, एक लाख ४८ हजार २८३ महिला र १६ जना अन्य मतदाता छन्। १६७ मतदानस्थलमा ४०४ मतदान केन्द्रमा शुक्रवार निर्वाचन भएको हो।

### महानगरको मतगणना शनिवार बिहानदेखि

मधेस प्रदेशको एकमात्र महानगर वीरगंजको मतगणना शनिवार बिहानदेखि शुरू हुने भएको छ।



ठोरीमा वृद्धालाई मतदानस्थलमा लैजाँदै परिवारजन। तस्वीरः प्रतीक

मतगणनाको लागि प्राविधिक व्यवस्थापन मिलाउन समय लाग्ने भएकोले अबेर रातिबाट मतगणना गर्ने सम्भावना न्यून रहेको वीरगंज महानगरका प्रमुख मतदान अधिकृत धर्मराज पौडेलले बताए। उनले मतगणनाको लागि वीरगंज महानगर-१४ स्थित नृसिंह माविमा सबै तयारी पूरा गरिसकेको बताए। प्रमुख पौडेलले वीरगंजका केही स्थानमा राति ७ बजेसम्म मतदान भएको र त्यहाँबाट ८ बजे राति मात्र मतपेटिका आउने हुँदा अन्य तयारी गर्न र कर्मचारीले खाना तथा आरामका लागि पनि आज रातिबाट गणना हुने सम्भव नभएको बताए। उनले शनिवार बिहानदेखि मतगणना शुरू गर्ने छलफल भइरहेको बताए।

उनले वीरगंजमा कुल एक लाख २४ हजार ६०० मतदाता रहेकामा करीब ७७ प्रतिशतले ९५ हजार ३२५ मत खसेको बताए। मतपेटिका भण्डारणको लागि चारवटा कोठा र मतगणनाको लागि चारवटा कोठाको व्यवस्थापन गरिएको उनले बताए। उनले मतपेटिका भण्डारण र गणना हुने स्थानमा सिसिटिभी राखिएको र मतगणना गर्ने कक्षमा सात फिट अग्लो तारजाली लगाइएको बताए। शुरूमा दुई कोठाबाट मतगणना शुरू गर्ने तयारी रहेको र छ घण्टाको एक समूहमा सातजना कर्मचारी गरी कुल चारवटा मतगणना गर्ने समूह परिचालन गर्ने तयारी रहेको प्रमुख पौडेलले बताए।

### पर्साको मिर्जापुरमा गोली चल्यो

पर्साको छिपहरमाई गाउँपालिका-१ मिर्जापुरस्थित मतदानस्थलमा झडप हुँदा प्रहरीले चार राउन्ड हवाई फायर गरेको छ। नेकपा एमालेबाट अध्यक्षका उम्मेदवार मनोजकुमार गुप्ता र नेपाली काङ्ग्रेसबाट अध्यक्षका उम्मेदवार नवीन सिंह समर्थकहरूबीच विवाद भएर पछि झडप भएको हो। झडपका क्रममा तीनजना घाइते भएका छन्। केहीबेर तनावग्रस्त बनेको अवस्था प्रहरीले चार राउन्ड हवाई फायर गरेर नियन्त्रणमा लिएको प्रउ रमेश बस्नेतले बताए।

## ग्रामीण भेगमा उत्साहजनक मतदान
## मतदानबाट केही वञ्चित, केही अलमलिए

प्रस, सेढवा, ३० वैशाख/

पर्साको ग्रामीण भेगका ठोरी, जीराभवानी, जगरनाथपुर र पटेर्वासुगौली गाउँपालिकामा शान्तिपूर्ण तवरबाट मतदान भएको छ। बिहान शीतल भएको कारण मतदानस्थलमा एकदमै भीड भएको थियो। करीब १० बजेपछि चर्को घाम तथा गुम्सिएको गर्मीका कारण मतदाताहरूले कठिनाइ भोग्नुपर्‍यो। जीराभवानी गापामा नौवटा मतदान केन्द्रमा ७५ देखि ८६ प्रतिशत मत खसेको जानकारी प्राप्त भएको छ। दिउँसो १२:३० बजे आएको सामान्य हावाहुरी तथा पानीले केही समय मतदान रोकिएको थियो।



ठोरीमा पानी परे पनि उत्साहजनक मतदाताहरू। तस्वीरः प्रतीक

प्राप्त जानकारी अनुसार ठोरी र जगरनाथपुर गापाका केही स्थानमा करीब एक घण्टासम्म पानी परेको कारण दुई घण्टासम्म मतदान बन्द भएको थियो। जसका कारण यी स्थानमा ढिलोसम्म मतदान भयो। पटेर्वासुगौली गापा-४ निवासी मञ्जु देवीले पाँच घण्टा लाइनमा बसेपछि मतदान गर्न पाएको बताइन्। पानीमा भिजेर पनि मतदाताहरू लाइनमा बसिरहे। तर अपाङ्ग, अशक्त मतदाताहरूले पालो कुर्नु नपर्ने गरी व्यवस्था मिलाएको थियो।

### त्रुटिका कारण मतदानबाट वञ्चित

निर्वाचन आयोगले जारी गरेको मतदाता नामावलीमा भएको त्रुटिका कारण दर्जनौं मतदाता मतदान गर्नबाट वञ्चित भए। आयोगले दिएको मतदाता परिचयपत्रको आधारमा मतदान गर्दै आएका मतदाताहरूको नाम नयाँ नामावलीमा नभएका कारण मत खसाल्न सकेनन्।

जीराभवानी गापा-२ सेढवा निवासी कान्ती देवीले मतदाता परिचयपत्र भएर पनि मतदान गर्नबाट वञ्चित पारिएको बताइन्। निर्वाचन आयोगले मतदाता परिचयपत्र लागू गरेपछि यसअघिका निर्वाचनमा मतदान गर्दै आएकी उनले यसपटक नामावलीमा नाम उल्लेख नभएको कारण मतदान गर्नबाट वञ्चित भएको गुनासो गरिन्।

त्यस्तै, फरक-फरक नामावलीको क्रम सङ्ख्या फरक-फरक भएकाले पनि मतदाताहरू परिचयपत्र लिएर केन्द्र भौंतारिन परेको पनि थुप्रैले गुनासो गरे। अनलाइनबाट पनि मतदाता क्रम सङ्ख्या फरक परेका कारण मतदाताहरू मतदान गर्न लामो समयसम्म दुःख झेल्नुपरेको थियो।

## निजगढ नपामा ७४ प्रतिशत मतदान



निजगढमा शान्तिपूर्ण मतदानपश्चात् मतपेटिका मतगणनास्थलमा लैजाँदै सुरक्षाकर्मी। तस्वीरः प्रतीक

प्रस, वीरगंज, ३० वैशाख/

निजगढ नगरपालिकामा उत्साहजनक मतदान भएको छ। निजगढ नपाका १३ वटै वडामा शान्तिपूर्णरूपमा मतदान सम्पन्न भएको बताइएको छ।

निजगढ नपामा कुल २८ हजार ३७६ जना मतदाता रहेकामा २१ हजार ८० जनाले मतदान गरेका छन्। शुक्रवार भएको मतदानमा ७४ प्रतिशत मतदान भएको थियो। निजगढ नपामा सबैभन्दा बढी वडा नं १३ मा ८१.४५ प्रतिशत र सबैभन्दा कम वडा नं १० मा ६१ प्रतिशत मतदान भएको थियो।

## विचारसार र सूक्तिहरू

**इमानदार मान्छे यदि डरपोक हुन्छ भने दुष्ट मान्छे आफ्नो दुष्टतामा सबल हुनेछ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


## अनियन्त्रित खर्चले विकृति निम्त्याउँछ

**चुनावी प्रतिस्पर्धामा गति लिएका राजनीतिक दल तथा तिनका उम्मेदवारहरूलाई यसपटक मौन अवधि शुरू भइसक्दा पनि चुनावी अभियान रोक्न निकै गाह्रो देखियो। कतिपय स्थानमा मौन अवधिमा पनि लुकीछिपी प्रचारप्रसार गरिरहेको पाइयो। मौन अवधिमा भोजभतेर पनि देखियो। निर्वाचनसम्बन्धी नियम कानून पालना इमानदारिताको कुरा हो। बेइमानका लागि जता पनि छिद्र हुन्छ। आचारसंहिता उम्मेदवार, मतदाता तथा समाजको भलाइका लागि हो। उम्मेदवारहरूले आचारसंहिता उल्लङ्घन गर्ने भनेकै अनियन्त्रित खर्चमा हो। आयोगले तोकेको मापदण्डविपरीत खर्च गर्दा यसले अन्य धेरै विकृति निम्त्याउँछ।**

**यस वर्ष पनि स्थानीय तह निर्वाचनमा उम्मेदवारहरूले गर्न पाउने खर्चको सीमा तोकिएको थियो। निर्वाचन आयोगले स्थानीय तह निर्वाचनमा उम्मेदवारले गर्न पाउने खर्चलाई विभिन्न १० शीर्षकमा वर्गीकरण गरेको थियो। खर्च गर्न पाउने विभिन्न १० शीर्षकमा मतदाता नामावली खरीद, सवारीसाधन, सवारी इन्धन, प्रचारप्रसार सामग्री, ढुवानी, गोष्ठी तथा कार्यकर्ता परिचालन, छापा तथा विद्युतीय माध्यमबाट गरिने प्रचारप्रसार, कार्यालय सञ्चालन र प्रतिनिधि परिचालन शीर्षक रहेका छन्। उम्मेदवारहरूको चुनाव प्रचार शैली र तडकभडक हेर्दा तोकिएका मापदण्डहरू केवल कागजको खोष्टा साबित भए। उम्मेदवारको दैनिक खर्च तथा भोजभतेर, तडकभडक बयान गरी साध्य छैन। मतदाताको मन जित्नेभन्दा पनि सडकमा कसले ठूलो भीड देखाउने प्रतिस्पर्धा देखियो। सवारीसाधनमा इन्धन र सहभागीलाई पनि इन्धन भर्नैपर्ने बाध्यता रह्यो। चुनाव प्रचार अवधिमा ग्रामीण क्षेत्रहरूमा पनि घरेलु मदिरा निषेध जस्तै थियो। उम्मेदवारको पैसा हो, कसले लोकल पिउने ? सबै ब्रान्डेडतर्फ लागे। त्यसैगरी, उम्मेदवारको सम्पर्कमा नरहेका पेट्रोलपम्महरू सुनसान देखिए। आफ्नो पैसाले इन्धन भर्नेहरूको सङ्ख्या न्यून हुने हुँदा यसो भएको हो।**

**उम्मेदवारहरूसँग दिनहुँ सयौं मानिसको झुन्ड हुन्छ। त्यो झुन्डलाई चुनावभरि पाल्ने जिम्मेवारी उम्मेदवारको थाप्लोमा पऱ्यो। यसो भएपछि आयोगले तोकेको खर्च र शीर्षक केवल औपचारिकता मात्रै देखियो। चुनावी खर्चकै लागि कैयन उम्मेदवारले घरघडेरी, खेतबारी बेचेका छन्। बैंक तथा वित्तीय संस्थाबाट ऋण काढेका छन्। अनियन्त्रित खर्च भरपाई गर्न गैरकानूनी तरीकाले रकम कमाउन शुरू हुन्छ। यसरी कमाउने धुनमा भ्रष्टाचारको लत बस्छ र बिस्तारै सञ्जाल निर्माण हुन्छ। अन्ततः यसबाट समाजमा बेथिति र विकृति झाँगिन्छ। खर्च उठाउन चुनाव जित्नै पऱ्यो। जसरी पनि जित्नै पर्ने मानसिकताको विकास भइरहेको छ। जसले गर्दा जुनसुकै हडकण्डा अपनाउन उनीहरू तयार हुन्छन्। त्यसले अशान्ति निम्त्याउँछ। विकृति न्यूनीकरणको सहज उपाय चुनावी खर्च न्यूनीकरण नै हो। आयोगले खर्चको सीमा मात्र तोकेर हुन्न। यसका लागि क्रियाकलापमा नै निषेध गरिनुपर्छ। ठूला जुलूस र सभाहरू पूर्णरूपमा बन्देज गरिनुपर्छ। घरदैलो तथा सडक प्रदर्शनमा अधिकतम ५० जना हुनुपर्ने, आचारसंहिता शुरू भएपछि चुनावी क्षेत्रमा मदिरा निषेध गर्ने र सो अवधिमा जुनसुकै किसिमको भोजभतेर भएपनि ५० जनाभन्दा बढी सहभागी हुन नपाइने व्यवस्था गरिनुपर्छ। क्रियाकलाप तथा चुनावी गतिविधिलाई नै खर्च न्यूनीकरण सम्भव छ।**

# चटक देखाएर जन्तर बेचे जस्तै हो संसदीय निर्वाचन

स्वतन्त्र विचार

बैधनाथ श्रमजीवी
baidhnath2071@gmail.com

**हो, सत्तामा गएपछि पाउने भत्ताको यति धेरै महत्त्व छ कि दलको लाइनविपरीतका व्यक्तिलाई टिकट दिएर भएपनि उही चटकेझैं आफ्नो पारिवारिक भरणपोषणको लागि झूटो जन्तर (विकास) बेच्नुपरेको छ।**

आजभन्दा १५/२० वर्ष पहिलेसम्म शहरबजारमा सडकछेउमा चटक देखाउनेहरू प्रायः सर्वत्र भेटिन्थे। उनीहरू हातमा डमरु, बाँसुरी जस्ता चिज राख्ने गर्थे। एउटा टोकरीमा विषदन्त निकालिएको सर्प पनि राख्ने गर्थे। त्यसको अगाडिमा एउटा किलामा न्याउरी मुसो बाँधिराखेको हुन्थ्यो। अब एकछिनमा शुरू हुन्छ लौ हेर्नुहोस् सर्प र न्याउरी मुसोको लडाइँ भनेर सयौंपटक जोडजोडले कराउने गर्थे। कामविशेषले शहर पसेका गाउँका सीधासाधा किसानहरू सर्प र न्याउरी मुसोको लडाइँ हेर्न पाउला भनेर घण्टौं बस्ने गर्थे। तर चटकेले कहिले पनि सर्प र न्याउरी मुसोको लडाइँ गराउँदैनथ्यो। किनभने चटकेलाई थाहा छ, सर्पलाई न्याउरी मुसोले मारिहाल्छ। अनि भोलिदेखि फेरि कसरी चटक देखाउने ? के भनेर मानिसहरूलाई आकर्षित गर्ने ? गाउँघरका सीधासोझा मानिसहरूलाई सबै रोग ठीक हुन्छ भनेर जन्तर कसरी बेच्ने त ? त्यसैले झन्डै सयजनाको हाराहारीमा मानिस जम्मा भइसकेपछि जहिले पनि चटकेले बडो चलाखीपूर्ण तरीकाले जन्तर निकाल्ने गर्थ्यो र भन्थ्यो एक जन्तर सय समाधान। सय रोगको एक इलाज। मसान बाबाको सिद्ध जन्तर। यो जन्तर लिएपछि स्वप्नदोष आउँदैन। रातिराति हिंड्नुपर्दा भूतप्रेतले भेट्दैन। यो जन्तर सुरक्षा कवच जस्तै हो। पेट दुखेको, छाती दुखेको, टाउको दुखेको , ग्यास्टिक, गानो, गोला जुनसुकै रोगमा एक गिलास पानीमा जन्तर डुबाएर पानी पिएपछि सबै प्रकारका रोगबाट मुक्त हुन्छ। यस्तो झूटो कुरो भनेर मानिसलाई ठगेर आफ्नो घरपरिवार चलाउने देशभरिमा एउटा ठूलो जमात नै थियो। यस प्रकारको काममा खासगरी दक्षिणाको देश भारतबाट चटकेहरू नेपाल प्रवेश गर्ने गर्थे। पछि बिस्तारै बढ्दै गएको विज्ञान प्रविधियुक्त शिक्षा चेतना तथा प्रशासनिक निगरानीले गर्दा हिजोआज यस्ता चटकेहरू नगण्य नै देखिन्छन्।

हिजो देशभरि स्थानीय निर्वाचन हुँदै थियो। स्थानीय निर्वाचनमा प्रस्तुत भएका संसदीय दलहरू तथा तिनले बनाएको गठबन्धन तथा तिनका उम्मेदवारहरूको विगतको चरित्रलाई समेत हेर्दा तिनै चटकेहरूको सम्झना मेरो मानसपटलमा ताजा भएर आयो। जसरी हिजो चटकेले सर्प र न्याउरी मुसो देखाएर, जन्तर बेचेर आफ्नो परिवारको भरणपोषण गर्ने गर्थ्यो, ठीक त्यसैगरी आज संसदीय दलहरू विकासको सपना देखाएर पाँच वर्षसम्म अनुदान तथा कर प्राप्त रकममा कमिशनको दुनो सोझ्याएर अकुत सम्पत्ति कमाउने गरेका छन्। जसरी हिजो चटकेलाई थाहा थियो कि सर्प र न्याउरी मुसोको लडाइँ गराएमा सर्पलाई न्याउरी मुसोले मारिहाल्छ र भोलिदेखि फेरि चटक देखाउनलाई अर्थात् गाउँघरका सीधा सोझा जनतालाई भ्रमित गर्न तथा आफूतिर आकर्षित गर्नका लागि कुनै साधन रहनेछैन। ठीक त्यसैगरी कोही पनि चुनाव जितेर आयो भने आफ्नो भुँडी भर्नेबाहेक केही गर्नेछैन। किनभने सबै प्रकारका विकास गऱ्यो भने फेरि अर्को चुनावमा जनतालाई झूटो आश्वासन दिन के भन्ने त ? त्यसै कारण कहिले पनि विकास नगर्ने, दिन प्रतिदिन प्रत्येक कुरामा जनतालाई परनिर्भरतातर्फ अग्रसर गराउँदै लग्ने र अन्ततः चरम गरीबीको दलदलमा फसाएर आफ्नो दास बनाइराख्ने रणनीतिले नेता तथा तिनका दलहरू अगाडि बढिरहेका छन्।

कतिपय ठाउँमा दलहरूले निर्वाचनको मतदान प्रक्रियामा बाकस फुटाइदिएको, एकअर्कामाथि साङ्घातिक हमला गरेको, अशान्ति र हिंसा मच्चाएका श्रब्य दृश्यहरूले सामाजिक सञ्जालहरू भरिभराउ छन्। आखिर चुनावपछि गर्न पाइने ब्रह्मलुटकै कारण एकअर्कामाथि हिंसात्मक हमला गरेको देखिन्छ। त्यस्ता ठाउँहरूमा चुनाव स्थगन केवल हिंसा उत्पन्न गर्ने दलहरूको लागि न्यायपूर्ण छ त ? यो विषय कस्तो छ भने भ्रष्टाचारको होहल्ला बढी भएमा अमुक कर्मचारीलाई त्यहाँबाट अन्यत्र सोही पदमा सरुवा गरिदिए जस्तो मात्रै हो। यस अर्थमा कडा कानून किन बनाउँदैनन्। किनभने धाँधली सबैको निम्ति प्यारो छ। धाँधलीको बारेमा अदालततिर मुद्दामा जाँदा न्यायप्रक्रिया यति झन्झटिलो र ढिलो छ कि अर्को निर्वाचन भइसक्छ तर मुद्दा किनारा लागेको हुँदैन।

यतिबेला सबैको मनमा दुई प्रकारका कुरा खेलिरहेको छ। एउटा, उ, जुन दलमा छ, त्यही दल जित्छ भनेर अर्को जीतहारको घोषणापछि के हुन्छ त ?

पहिलो कुरो जुन दल जिते पनि वा हारे पनि निर्वाचनपछि गाउँशहरमा विकासको अर्थमा खासै केही पनि फरक पर्नेवाला छैन। फरक यति हो कि बिचरा लाखौं करोडौं रुपैयाँ खर्च गरेर फलानो त जित्यो तर फलानो चाहिं हाऱ्यो। उसको लगानी डुब्यो। अब उसको बिल्लबाठ हुनेवाला छ।

दोस्रो, ऊ जुन दलको टिकटबाट चुनाव हारेको छ, आगामी चुनावमा अर्को दलबाट चुनाव लड्नेछ। किनभने संसद्भित्र भएमा बाहिरीरूपमा देखिएका तीन दल राजावादी, काङ्ग्रेस तथा कम्युनिस्ट, यिनीहरू सबै रूपमा मात्र फरक-फरक दल हुन्। यिनको झन्डा, नाम, घोषणापत्र, राजनीतिक दस्तावेज आदि कुराहरू मात्र फरक छन्। तर व्यवहारमा अर्थात् सारमा संसद्भित्रका सबै दल एउटै हुन्। यिनीहरूको जसरी पनि सत्तामा पुग्नुपर्छ भन्ने एकमात्र उद्देश्य छ। यो उद्देश्य पूरा गर्न यिनीहरूलाई रोक्ने कुनै शक्ति छैन। न यिनको विधानले रोक्छ, न यिनको सिद्धान्तले रोक्छ, न यिनको दर्शनले रोक्छ। त्यसैले त हामी हेरिरहेका छौं, कथित कम्युनिस्टहरू सत्तामा आफू पुग्न नपाउँदा झन्डै दुई तिहाइ बहुमतको सरकार नै खसालेर प्रतिपक्षी दल काङ्ग्रेसको नेतृत्वमा सरकार बनाए। कुनै नैतिकता, नीति, सिद्धान्त, दर्शन, विचार कसैले रोक्यो त ?

अहिले आफूलाई धुरन्धर कम्युनिस्ट भनाउन रुचाउनेहरू कमल थापा र राजेन्द्र लिङ्देन जस्ता घोर राजावादीको पुच्छर समातेर गौरवान्वित महसूस गरिरहेका छन्। आफ्नै दलका जुझारु, परिश्रमी, त्यागी, बलिदानी कार्यकर्ताहरूलाई दलको हितविपरीत कसैले रूखमा, कसैले सूर्यमा, कसैले हलोमा मत हाल्न विवश पारेका छन्। हो, सत्तामा गएपछि पाउने भत्ताको यति धेरै महत्त्व छ कि दलको लाइनविपरीतका व्यक्तिलाई टिकट दिएर भएपनि उही चटकेझैं आफ्नो पारिवारिक भरणपोषणको लागि झूटो जन्तर (विकास) बेच्नुपरेको छ।

# मतदानमा उत्साह : कोही काखे नानी च्यापेर, कोही लौरो टेकेर पुगे बुथमा

काठमाडौं, ३० वैशाख/रासस

शहर बजार सुनसान छन्। अघिपछि निकै चहलपहल हुने शहरबजारका गल्ली र चोकमा अहिले कोही नभएजस्तो देखिन्छ। पसल व्यवसायीसमेत फुर्सदमा भए जस्ता देखिन्छन्।

शुक्रवारदेखि चार दिन सार्वजनिक बिदा परेकाले पनि मानिसलाई फुर्सद भएको छ। यो फुर्सदको अवसर स्थानीय तहको निर्वाचनले जुराइदिएको हो। जनताको घरआँगनसँग जोडिने स्थानीय सरकार चयनका लागि मतदाता आआफ्ना घर तथा गाउँबस्तीमा पुग्दा शहर सुनसान देखिन्छन्।

सडक सुनसान छन्। चोकचोकमा रहेका सुरक्षाकर्मीले अनुमति नलिईकन चलाएका सवारीलाई रोकेर सोध्ने र होल्डमा राख्ने गरिरहेका छन्। नागरिकमा एक प्रकारको उत्साह छ। नेपालको संविधान कार्यान्वयनमा आएपछि भएको स्थानीय तहको दोस्रो निर्वाचनले लोकतन्त्रलाई संस्थागत गर्ने विश्वासका बीच आज मतदान भएको हो।

नेपाली सामाजिक मान्यता अनुसार मर्दा पर्दा भेटिने सरकार नै स्थानीय सरकार हो। प्रमुख राजनीतिक दल तथा स्वतन्त्र उम्मेदवारमध्ये उपयुक्त उम्मेदवार छनोटका लागि उपस्थित मतदाताको उत्साह र आत्मविश्वासले लोकतन्त्रको सुन्दर पक्षलाई उजागर गरिदिएको छ।

कोही काखे नानी बोकेर मतदानमा उपस्थित भएका छन् भने कोही लौरो टेकेर आफ्ना प्रतिनिधि छान्न उपस्थित छन्। कोही ह्वीलचेयरमा पुगेका छन्। देशभर छिटफुट घटनाबाहेक निर्वाचन शान्तिपूर्णरूपमा भएको निर्वाचन आयोगले जनाएको छ।

आमाको किरिया बसेका तीन दाजुभाइले मुगुको खत्याड-८ का कविराज कार्की दाजुभाइले एक घण्टा उकालो हिंडेर गई मतदान गरेका छन्। यसबाट पनि निर्वाचनको महत्त्वलाई थप उजागर गरिदिएको छ।



इलामको सूर्योदय नगरपालिका-१४ बतासेस्थित सरस्वती माध्यमिक विद्यालयमा रहेको मतदान केन्द्रमा १११ वर्षीया ज्येष्ठ नागरिक विष्णुमाया अधिकारी मतदान गरेपछि थकाइ मार्दै। तस्वीरः टीका खतिवडा/रासस

नेपालले आत्मसात् गरेको सङ्घीयता तीन तहको मान्यतामा आधारित छ। राष्ट्रियस्तरमा सङ्घीयरूपमा नेपाल सरकार, सात प्रदेश सरकार र स्थानीय तहको ७५३ वटा सरकार। यी तीनवटै सरकारलाई संविधानले स्पष्टरूपमा आआफ्ना दायरा र क्षेत्र छुट्याइदिएको छ।

देशभरका ७५३ स्थानीय तहमा आज एकै चरणमा निर्वाचन भएको हो। कुल ६ महानगरपालिका, ११ उपमहानगरपालिका, २७६ नगरपालिका र ४६० गाउँपालिकाले आगामी पाँच वर्षका लागि नयाँ नेतृत्व पाउँदैछ।

संविधानको प्रस्तावनाले पनि मुलुकलाई बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषता भएको मान्दछ। संविधानको अनुसूची अनुसार स्थानीय तहका विभिन्न २२ अधिकार छन्। नगर प्रहरी, सहकारी संस्था, एफएम सञ्चालन, स्थानीय कर उठाउने अधिकार स्थानीय तहलाई नै दिइएको छ।

स्थानीय करमा सम्पत्ति कर, घरबहाल कर, घरजग्गा रजिस्ट्रेशन शुल्क, सवारीसाधन कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमि कर र मालपोत, दण्ड जरिवाना, मनोरञ्जन कर र मालपोत सङ्कलनको अधिकार पनि स्थानीय तहकै हो।

खानेपानी, साना जलविद्युत् आयोजना, वैकल्पिक ऊर्जा, कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण, स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा अशक्तको व्यवस्थापन, स्थानीयस्तरका विकास निर्माणको काम गर्ने अभिभारा पनि स्थानीय सरकारकै हो। विपद् व्यवस्थापन, जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण, भाषा, संस्कृति र ललितकला संरक्षण गर्ने जिम्मेवारी संविधान अनुसार प्राप्त भएको छ।

हरेक स्थानीय सरकार शासकीय अधिकार सम्पन्न छ। यो संरचना विगतको एकात्मक शासन प्रणाली अन्तर्गत स्थानीय निकाय होइन। संविधानले कुनै पनि तहलाई सानो ठूलोका रूपमा भेदभाव गरेको छैन। हालको स्थानीय तह 'टप डाउन' प्रणाली होइन।

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोन ९८४५११९४४८

# वाटिका

वर्ष-३५ | २०७९ वैशाख ३१ गते शनिवार | 2022 May 14 Saturday




# जीतको जुलूसमा हिंड्दाको त्यो दिन

बाल्यकालमा पहिले चुनावको प्रचारमा पनि हिंडेको छु र जीतको जुलुसमा पनि। आफ्नो कुनै पक्ष हुँदैन

**स्वान्तः सुखाय**




सञ्जय मित्र

mitrasanjay41@gmail.com


> **चुनावको प्रचारको जुलुस र चुनाव जितेपछिको विजय जुलुसमा धेरै भिन्नता हुन्छ तर बाल्यकालमा भने जुलुस त केवल जुलुस हुन्छ। राजाको जन्मोत्सवको जुलुस वा गौरीनन्दन शिवबुलारे भन्दै चकुचनाको समयमा भदौ महीनामा निकालिने जुलुस, कुनैमा फरक हुँदैनथ्यो।**

बालबालिकाको। बुबा वा दाजुले जसलाई राम्रो भन्छन्, सोही उम्मेदवार नै संसारमा सबैभन्दा ठूला र राम्रा लाग्छन्। आफूले जुलुसमा हिंड्नुपर्ने व्यक्तिका चाहिंदा नचाहिंदा वा जानिंदा नजानिंदाका उच्चतम श्रेणीका विशिष्ट विशेषणहरू आफैं जोड्छन् बालबालिकाहरू। अहिले त सामाजिक सञ्जालको युग छ। एकछिन सामाजिक सञ्जाल नहेर्दा वा एकछिन नेटवर्कभन्दा टाढा हुँदा किशोरदेखि प्रौढसम्म सबैलाई खल्लो लाग्न शुरू भइहाल्छ। तर पहिले यस्तो थिएन। गाउँमा सार्वजनिक सञ्चारको एउटै साधन हुन्थ्यो– ठूलो हर्न। महाजनको घरको माथिल्लो भागमा राखिएको हुन्थ्यो र त्यसको आवाजले सबैले थाहा पाउँथे। चुनावको समयमा जुलुसको कुरो पनि धेरैलाई त्यहींबाट थाहा हुन्थ्यो। र जब हामीजस्ता साना बालकहरूको कानमा जुलुसको खबर पुग्दथ्यो, तब त्यसबाहेक अरू केहीको पनि प्रतीक्षा हुँदैनथ्यो।

चुनावको प्रचारको जुलुस र चुनाव जितेपछिको विजय जुलुसमा धेरै भिन्नता हुन्छ तर बाल्यकालमा भने जुलुस त केवल जुलुस हुन्छ। राजाको जन्मोत्सवको जुलुस वा गौरीनन्दन शिवबुलारे भन्दै चकुचनाको समयमा भदौ महीनामा निकालिने जुलुस, कुनैमा फरक हुँदैनथ्यो। जुलुसमा लगाइने नारा फरक हुन्थ्यो। नाराको अर्थ के हो, त्यससित के मतलब? हामीले त जिन्दाबाद भन्नुपर्नेमा जिन्दाबाल भने पुग्यो। यही जिन्दाबाल भन्नुको जुन आनन्द छ, उत्साह छ, त्यसैमा त सबैथोक छ।

सम्भवतः २०४२ सालको निर्वाचन हुनुपर्छ। त्यसमा मैले पहिलोचोटि चुनाव जितेको विजय जुलुसमा सहभागी भएको थिएँ। विजय जुलुस गाउँ पञ्चायतको चुनावको थियो कि जिल्लाबाट निर्वाचित भएर जाने राष्ट्रिय पञ्चायतको, अहिले बिर्से। चुनावलाई त पहिले नै निकै नजीकबाट देखिसकेको थिएँ तर विजय जुलुसको स्वाद भने धेरैपछि मात्र थाहा हुन सक्यो। विजय जुलुसमा उत्साह मात्र होइन, खुशी पनि मिसिएको हुन्छ। त्यो खुशी जो अबिर र मालाले देखाइरहेको हुन्छ। हो, प्रचारको जुलुसमा जिन्दाबाद नारा त लगाइन्छ तर जहाँ पनि अबिर र जहाँ पनि माला लगाउने अनि जितेकोलाई ढोग्न जाने चाहिं हुँदैन। यो सम्झना चाहिं विजय जुलुसको मात्र हुन सक्छ।

जितेका मानिसलाई मैले चिनेको थिइनँ। जितेको मानिसलाई मेरो गाउँका मानिसले चाहिं चिनेका थिए। जितेको मानिसलाई चिनेको गाउँका मानिसले राम्रो भनिरहेका थिए र चिनेको पनि बताइरहेका थिए। हाम्रो गाउँमा जितेको मानिस आउने कुरो थियो। जितेको मानिस गाउँमा आउँदा के के खुवाउने र के के मागने भन्ने कुरो चलेको थियो। केही मानिसले शिवनगरबाट मिठाइ ल्याउने कुरा गरिरहेका थिए तर जो मानिसले चाहिं चिनेका थिए, उनले नै मिठाइ ल्याए। अरुले मिठाइ खुवाउने चासो देखाएनन् वा सामर्थ्य थिएन, अहिले सम्झना छैन।

अलिकति कुरो बुझ्ने भइसकेको थिएँ। कुरो बुझ्ने भइसकेको भएपनि होशियार भने थिइनँ। गाउँमा जुलुस आउने दिनको कुरो हो। त्यस दिनसम्म मोटरसाइकलमा एकजना मानिस आए। हामी मोटरसाइकललाई भटभटिया भन्थ्यौं। भटभटियाको आवाज करीब गाउँभर सुनिन्थ्यो। त्यसको धुवाँ सुँघ्न अलिक साना केटाकेटीहरू दौडे तर आफ्नो उमेर धुवाँ सुँघ्नेभन्दा अलिक बढी भइसकेको थियो। मनमनै सुँघ्न पाए हुन्थ्यो भन्ने थियो तर लोकलाज लाग्ने अवस्था थियो किनभने म पढुवा विद्यार्थी भइसकेको थिएँ। मनमा धुवाँ सुँघ्ने चाहनालाई दबाएर भटभटियाको धुवाँ नसुँघे पनि हावामा भने त्यसको गन्ध थियो। त्यो गन्ध निकै राम्रो वा स्वादिलो लागेको थियो।

अनि केही बेरमा एउटा जीप आयो। जीपबाट धेरै मानिस ओर्ले। जीप रोकिएपछि मानिसहरू ओर्लिन शुरु गर्नुभन्दा पहिले नै मोटरसाइकलमा आएको मानिसले फलानो जिन्दाबादको नारा लगाए। हामी सबैजनाले एकै स्वरमा जिन्दाबाद–जिन्दाबाद भन्यौं। जसै त्यो जितेको भन्ने मान्छे ओर्ले तिनको घाँटीमा मालैमाला र निधारभरि अबिरै अबिर लाउने काम भयो। आफ्नो घाँटीबाट एउटा माला निकालेर गाउँका तिनै मानिसको घाँटीमा लगाइदिए, जसले चाहिं गाउँमा प्रबन्ध गरेका थिए। उनलाई पनि लाग्यो कि जितेको मानिसको प्रतिनिधि यस गाउँमा म नै हुँ वा जितेको मानिसले पनि सबैलाई आफ्नो प्रतिनिधि उही भएको सबैलाई देखाएका थिए।

त्यहाँ उपस्थित सबैले जय जयकार गर्दै जसको हातमा माला थियो, लगाइदिए। हात त सबैले जोडेका थिए। हात जोडेर तिनले पनि अभिवादन फर्काएका थिए। अनि एकछिन अलमल नगरी त्यहाँबाट गाउँतिर त्यनिकै सबै मानिसको हुल निस्क्यो। सबैभन्दा अगाडि तिनै जितेका मानिस थिए र उनीसँग अगाडि एक/दुई जना अरू थिए। अगाडि हिंडिरहेकाहरूले भने दुवै हात जोडेका थिए र लगभग एकै सुरमा हिंडिरहेका थिए। पछाडिबाट जिन्दाबादको नारा लागिरहेको थियो र अरू के के नारा लागिरहेको थियो, सम्झना भएन। तर नारा धेरै किसिमका थिए। जुलुस गाउँमा पुगेपछि अझ धेरै मानिस थपिएका थिए। सडकका दायाँ र बायाँ घर हुनेहरू पनि कोही फूल र कोही माला लिएका थिए। माला उनको घाँटीमा लगाइदिइरहेका थिए भने फूल हातमा दिइरहेका थिए। महिलाहरू कमै सडकको छेउमा देखिएका थिए। आफ्नो घरको मूल द्वार र अझ बढी झ्यालमा उभिएर जुलुसलाई हेरिरहेका थिए।

जुलुसमा जिन्दाबाद भन्नु नै ठूलो उत्साह थियो। गाउँका कुनै ठूलो मानिसको घरको अगाडि पुग्दा अझ चर्को स्वरमा नारा लाग्दथ्यो। मानिसहरू मच्चिई मच्चिई नारा लगाउँथे। त्यस्ता ठूला मानिसले आफैंले घरबाट निस्केर फूलको माला घाँटीमा लगाउँदै मिठाइ पनि आफ्नै हातले मुखमा खुवाउँथे। कुनै कुनै घरमा पुग्दा भने जुलुसका सहभागीले पनि पानी वा सर्बत वा अन्य केही यस्तै पिउन पाउँथे। यही नै ठूलो सम्मान मानिन्थ्यो। यसैगरी, गाउँभर जुलुसले परिक्रमा गऱ्यो। लगातार गाउँ घुम्ने काम सकिएपछि एउटा फूलबारीमा पुग्यो। त्यहाँ जितेका मानिसले के के भाषण गरे, अहिले अलिकति पनि सम्झना छैन। तर भाषण सकिएपछि उपस्थित सबैलाई के हो, केही खानेकुरा बाँडेका थिए। सबैले त्यो खानेकुरा खाँदै जितेको मानिसको गुनगान गर्दै आफ्नो घर फर्केका थिए। लगभग धेरै मानिस घर फर्किइसकेपछि म पनि घर फर्केको थिएँ। घर फर्केपछि बल्ल जीउ गलेको, खुट्टा दुखेको तथा शरीरमा अलिकति असन्तुलन जस्तो महसुस भएको थियो। घर पुग्दा त शरीर पूरै लखनरान भइसकेको थियो।

मेरो पैतालामा हो कि खुट्टामा अलिकति घाउ थियो। घाउ पुरानो भइसकेको थियो। घाउमा अलिकति पीप थियो। अब घर पुग्नासाथ घाउको कमाल शुरु भयो। घाउ दुख्न शुरू भयो। घरमा आमाले जुलुसमा नजा, जुलुस यहीं घरमैं आउँछ अनि अलिकति घुम्न्, तिम्रो घाउ दुख्छ भन्नुभएको थियो तर मानेको थिइनँ। अहिले जुलुस सकिनासाथ घाउले दुःख दिन शुरू गरिहाल्यो। सकेसम्म दुखाइलाई सहने प्रयास गरिरहेको थिएँ तर सहन नसक्ने भएपछि कन्न थालें। अनि आमा झन् कराउन थाल्नुभयो। आमाले शुरूमा त ठीकै भयो, भनेको मानिनस् अनि दुःख पाइस्, तिम्रो स्वभावको दबाइ यही हो भनेर गाली गर्नुभयो तर पछि अलिकति खानेतेल तताएर ल्याएर खुट्टामा मालिस गरिदिनुभयो। घाउलाई सफा पारिदिनु भयो। बिस्तारै दुखाइ कम हुँदै गयो।

जितेको उम्मेदवारको चर्चा गाउँभर भयो। अब धेरै राम्रो भयो। यस गाउँलाई चिनेको मानिस ठूलो पदमा विजयी भयो। मानिस धेरै राम्रो हो। गरीबलाई पनि खूब हेरविचार गर्छ। गाउँमा कुनै सङ्कट आउँदैन। प्रहरी प्रशासनमा केही पऱ्यो भने अब यस गाउँका मानिसको सहयोग धेरै हुन्छ। जुलुसको केही दिनपछि त यी कुराहरू बिस्तारै पातलिँदै गए। विजय जुलुसमा गएको पनि सबैले बिर्सिंदै गए। उक्त विजय जुलुसमा सहभागी भएका मानिसहरूको चाहना फलीभूत भयो कि भएन? कसले खोजीनीधी गर्ने यस्ता कुराहरू? तर मलाई लाग्छ, ती जितेका मानिस फेरि कहिल्यै मेरो गाउँ आएनन्।

# जितेपछि मात्तिने र हारेपछि आत्तिने होइन

पैसा र बुद्धि नाम गरेका दुईजना मिल्ने साथी थिए। उनीहरूलाई एकअर्काको प्रयोग कसरी गरिन्छ?

**सरोकार**




राजेश मिश्र

rajesh560107@gmail.com


> **एकपटक विजयी भइसकेपछि सधैं आफू नै सत्तामा बस्न पाइन्छ भन्ने होइन। नेतृत्व परिवर्तनशील हुन्छ। जितेपछि मात्तिने र हारेपछि आत्तिने होइन। विजयी हुनेहरूले जनताको नेतृत्व गर्दै उन्नतिको मार्गमा अघि बढ्नुपर्छ। नेतृत्व भनेको अधिकार होइन, जिम्मेवारी हो।**

कसले सदुपयोग गर्छ? कसले दुरुपयोग गर्छ? आदि कुराहरू राम्ररी थाहा थियो। मानवीय हर्कत उनीहरूभन्दा बढी अरू कसैलाई थाहा हुने कुरै भएन। मानवीय कर्तुतबारे चर्चा गर्दै उनीहरूबीच सधैं हाँसो र ठट्टा भइरहन्थ्यो। एकदिन पैसाले बुद्धिसँग हाँस्दै भन्यो, "मित्र, मेरो सहारा नलिने संसारमा कोही पनि छैन, मविना दुनियाँ टिक्न सक्दैन, त्यस कारण म तिमीसँग छु भने तिमीले केहि चिन्ता लिनुपर्दैन।" प्रतिउत्तरमा बुद्धिले भन्यो, "जब तिमी कालोबजारी र भ्रष्टाचारीहरूको फन्दामा पर्छौ, त्यो बेला तिम्रो अवस्था के हुन्छ? बिर्सयौ कि क्या हो?" यसरी पैसा र बुद्धिबीच आफूलाई अब्बल साबित गर्ने होड चलिरहन्थ्यो। एकअर्काविरुद्ध पक्ष र विपक्षको कित्तामा उभिए तापनि नङ र मासुझैं गाँसिएको उनीहरूको सम्बन्ध एकअर्काविना अधुरो र अपुरो थियो। उनीहरूबीच प्रायः भइरहने विवाद हाँसोठट्टामा परिवर्तन हुन्थ्यो। बुद्धिलाई पैसा र पैसालाई बुद्धिको आवश्यकता पर्ने भएकोले दुवै एकअर्काका परिपूरक थिए।

०००

चुनावको समय थियो। पैसा र बुद्धिले फुर्सत पाउँथेनन्। चुनावलाई लक्षित गरी उनीहरूको इच्छाविपरीत दुरुपयोग भइरहेको थियो। उम्मेदवारहरूको गोजी पैसाले र मस्तिष्क बुद्धिले भरिभराउ थियो। शायद उम्मेदवारहरूलाई आफ्नो योग्यता, कार्यक्षमता, इमानदारिता र कार्यकर्ताहरूमाथि अविश्वास भएर नै होला, उनीहरूको आशा र भरोसा केवल पैसा र बुद्धि नै थिए। पैसा र बुद्धिले नचाहँदा नचाहँदै पनि उम्मेदवारहरूको कब्जामा रहेकाले हुकुम निर्वाह नगर्नुको विकल्प थिएन। पैसा र बुद्धिलाई उम्मेदवारहरूले अनावश्यक दुःख दिनुहुँदैन भन्ने कानूनमा अङ्कित कुराहरूको प्रतिपालकको तर्फबाट पनि उनीहरूलाई सहयोग प्राप्त भइरहेको थिएन। त्यस कारण आकाहरूको आदेश पालना गर्न उनीहरू विवश थिए। मौन अवधि घोषणा भइसकेपछि त पैसा र बुद्धिलाई झन् तनाव भयो। किनभने लुकीछिपी वा रातिको समयमा कसैले नदेख्ने गरी बुद्धिको भऱ्याङ चढाएर मतदाताको घरदैलोमा पैसालाई पठाइन्थ्यो।

०००

गोधूलिको समय थियो। महिलाहरू रातिको खाना पकाउने कार्यमा व्यस्त थिए। गृहिणीहरूबाहेक परिवारका अधिकांश सदस्य आआफ्नो द्वारमा बसेर गफ गरिरहेका थिए। पोलमा झुन्डिइरहेको बत्तीको मधुरो प्रकाशले पनि द्वारहरूमा बसिरहेका मानिसहरूलाई चिन्न कठिन थियो। पाँच वर्षअघि प्रत्येक पोलमा बत्ती जडान भएको थियो। बिस्तारै ती बत्तीहरू खराब हुँदै गए। तर परिवर्तन र मर्मत भएन। निर्वाचनको घोषणा भएपश्चात् मर्मत गरेर झिलिमिली पार्ने कार्यले गति लियो। यसमा सरकारी ढुकुटीको भागबन्डा पैसा र बुद्धिभन्दा बढी अरू कसलाई थाहा हुन सक्थ्यो।

अँध्यारो रातमा दश/बाह्र जना मानिसको झुन्ड यताउति हेर्दै अघि बढिरहेको थियो। द्वारमा बसिरहेका मानिसहरूले चिन्ने प्रयास गरिरहेका थिए। तर पर्याप्त उज्यालो नभएकोले उनीहरूलाई चिन्न सक्ने अवस्था थिएन। वैवाहिक लगनको समय भएकोले जन्तेहरू गन्तव्यतर्फ जाँदै होलान् भन्ने मानिसहरूको अनुमान थियो। पहिलो झुन्ड अन्तर्ध्यान नहुँदै बत्तीको मधुरो प्रकाशमा पुनः मानिसहरूको अर्को झुन्ड देखा पऱ्यो।

अबेर राति भएकोले मानिसहरू भोजन गर्नका लागि घरभित्र जान थाले। त्यसपछि झन् सन्नाटा छायो। जूनकीरी र कुकुरहरूको आवाज प्रतिध्वनित भइरहन्थ्यो। कुकुरहरूको भुकाइका कारण एकजना वृद्ध ब्यूँझिए। सबैलाई थाहा छ, रातिको समयमा अनावश्यक गतिविधि आभास भइसकेपछि कुकुरहरू भुक्दै लखेट्छन्। कुकुरहरूको भागदौड र भुकाइले गहिरो निद्रामा रहेका एकजना वृद्धको आँखा खुल्यो। उनी कोल्टो फेरे। कुकुरहरू उनकै घरअगाडिको सडकमा भुकिरहेका थिए। उनलाई कसैले ढोकाको सिक्री बजाएको आभास भएको थियो। उनी ओछ्यानमा बसे। हातले आँखा र अनुहार पुछे। उनी एकाग्र भएर हर्कततर्फ केन्द्रित भए। शान्त मुद्रामा थिए। सोही बेला पुनः ढोकाको सिक्री बज्यो। मुख्य ढोकाको सिक्री बजेको उनलाई यकीन भएपछि गर्जनाद गरे, "के ह हो?" अर्थात् "को हो?" उताबाट पुनः सिक्री र मानिसको स्वरको मिश्रित आवाज प्रतिध्वनित त भयो तर आवाज चिन्न सकेनन्। वृद्धले ठूलो स्वरमा कराए, 'चोर–चोर'। यो कुरा छिमेकीहरूसम्म पुग्यो। छिमेकीहरूले पनि चोर–चोर भन्दै कराए। वृद्धको घरअगाडि छिमेकीहरू आइपुगे। चोर–लफङ्गाहरू होलान् भन्ने शङ्का–उपशङ्का जाहेर गर्न थालियो। धेरै बेरको कुराकानीपछि छिमेकीहरू आआफ्नो घरतर्फ लागे।

०००

हल्लाखल्ला मच्चिएको थियो। अँध्यारो रातमा गाउँको चोकमा भनाभन चलिरहेको थियो। गाउँका प्रायःजसो मानिसहरू उठिसकेका थिए। वृद्धको घरको सिक्री पुनः बजेको थियो। एक समूहले उनको ढोकाको सिक्री बजाइरहँदा अर्को दुई/तीन वटा समूह त्यहाँ आइपुगे। एकले अर्को समूहलाई देखेपछि त्रसित भए। भागाभाग मच्यो। एक समूहले अर्को समूहलाई निर्वाचन आचारसंहिताको उल्लङ्घन गरेको आरोप–प्रत्यारोप लगाउन थाले। सबै आफूलाई विशुद्ध साबित गर्नमा तल्लीन थिए। गोधूलिको समय गाउँको चक्कर लगाइरहेका समूहहरू सुनसान रातको पखाइमा थिए। सबै आफ्नै मनसायमा पूर्ति गर्ने उद्देश्यमा थिए।

ती वृद्ध गाउँका भलादमी व्यक्तिमा गनिन्थे। उनले भनेको कुरा गाउँलेहरू मान्थे। त्यस कारण जसरी भएपनि वृद्धलाई पैसाको प्रलोभन दिएर उनको समर्थन प्राप्त गर्ने होडमा प्रायः सबै दल थिए। रातिको समय बुद्धि र पैसा दिएर वृद्धको भावना खरीद गर्न आएका थिए। अहिले बुद्धि र पैसा खुशी थिए। किनभने प्रायः दुरुपयोग भइरहने उनीहरू आज दुरुपयोग हुनबाट जोगिएका थिए।

०००

चुनाव सकिसकेको थियो। आजदेखि मतगणना कार्यक्रम थियो। बुद्धि र पैसा आज तनावमुक्त थिए। उनीहरू रमाउँदै यताउति डुलिरहेका थिए। उम्मेदवारहरू तनावमा थिए। चारैतिर जीत र हारको चर्चा चरममा थियो। त्यहीं भीडमा पैसा र बुद्धिले मानिसहरूको कुरा सुनिरहेका थिए। भीडको हिस्सा बनेका पैसा र बुद्धि आश्चर्यचकित मुद्रामा मानिसहरूको अनुहार नियालिरहेका थिए। मतदानस्थलमा आम मानिसहरू थिएनन्। नेता तथा कार्यकर्ताहरूको घुइँचो लागेको थियो। बाहिर खुशियाली प्रकट गरे पनि भित्र जीत–हारको आशङ्का र त्रास बढी थियो। मतगणना स्थलमा कुर्ता र पाइजामामा सुसज्जित एक नेता दन्किरहेका थिए।

पैसा र बुद्धिको बीचमा खासखुस शुरू भयो। पैसाले बुद्धिसँग भन्यो, "मित्र, मलाई यो नेताको चर्तिकला राम्रोसँग थाहा छ।" बुद्धिले पैसाको अनुहारमा एकटकले हेर्दै भन्यो, "यसले मलाई पनि कम दुरुपयोग गरेको छैन।" पैसाले प्रतिउत्तरमा भन्यो, "हो मित्र, आज हामीहरू यिनीहरूको चङ्गुलबाट मुक्त छौं, आजदेखि यिनीहरू अपवादबाहेक हामीलाई आम जनताको घरमा पुऱ्याउने कार्यमा देखिनेछैनन्।"

०००

वैशाख ३० गते शुक्रवारको दिन मतदान कार्यक्रम सम्पन्न भयो। अपवादका घटनाबाहेक मतदान कार्यक्रम शान्तिपूर्ण नै सम्पन्न भएको थियो। आज वैशाख ३१ गते शनिवार अर्थात् आजदेखि मतगणना कार्य शुरू हुँदैछ। कतै मतगणना शुरू भइसकेको छ भने कतै शुरू हुने तर्खरमा छ। अहिले पालिकाको भविष्य तथा उम्मेदवारको भाग्य मतपेटिकाभित्र बन्द छ। घरदैलोलगायतका विविध व्यस्तताबाट मुक्त उम्मेदवारहरूलाई अहिले परिणामको चासो र चिन्ताले मानसिक अशान्ति भइरहेको छ। एकपटक विजयी भइसकेपछि सधैं आफू नै सत्तामा बस्न पाइन्छ भन्ने होइन। नेतृत्व परिवर्तनशील हुन्छ। जितेपछि मात्तिने र हारेपछि आत्तिने होइन। विजयी हुनेहरूले जनताको नेतृत्व गर्दै उन्नतिको मार्गमा अघि बढ्नुपर्छ। नेतृत्व भनेको अधिकार होइन, जिम्मेवारी हो।

वाटिका



# द्रोण पर्व–७६



महाभारतबाट सङ्कलन तथा अनुवाद
उमाशङ्कर द्विवेदी

अतः कर्णलाई जस्तै भएपनि सात्यकिको छेउमा जान दिनुहोस् । म त्यस दुरात्माको अन्तकालको बारेमा जान्दछु, समय आएपछि त्यसबारेमा भन्नेछु, अनि तपाईंले आफ्नो बाणबाट उसलाई यस भूतलमा मारेर सोत्तर पार्नुहुनेछ ।

धृतराष्ट्रले सोधे– सञ्जय, भूरिश्रवा र जयद्रथ मारिएपछि कर्णको साथमा सात्यकिको युद्ध भएको थियो, त्यति बेला त सात्यकिसित कुनै रथ छँदै थिएन, अनि ऊ कसको रथमाथि सवार भयो ?

सञ्जयले भने– महाराज, भगवान् श्रीकृष्णलाई त वर्तमान, भूत र



भविष्यबारे थाहा छँदै थियो, उनको मनमा यो कुरा पहिले नै आइसकेको थियो कि भूरिश्रवाले सात्यकिलाई हराइदिनेछन् । अतः उनले आफ्ना सारथि दारुकलाई आज्ञा दिइराखेका थिए कि तिमीले मेरो रथलाई बिहानैदेखि तयार राख्नू । राजन्, देउता, गन्धर्व, यक्ष, सर्प, राक्षस अथवा मानिस कसैले पनि श्रीकृष्ण र अर्जुनलाई जित्न सक्दैनन् । ब्रह्मा आदि देउता र सिद्धपुरुषले यी दुवैका अनुपम प्रभावबारे जान्दछन् ।

अब युद्धको समाचार सुन्नुहोस् । रथहीन सात्यकिमाथि कर्णले धावा गरिरहेको हेरेर भगवान् श्रीकृष्णले आफ्नो महान् शङ्ख पाञ्चजन्यलाई ऋषभ–स्वरबाट बजाए । शङ्खनाद सुन्ने बित्तिकै दारुकले श्रीकृष्णाको सन्देश बुझेर रथलाई उनको छेउमा ल्याए । सात्यकि श्रीकृष्णाको आज्ञा अनुसार त्यसमाथि गएर बसे । त्यो रथ विमानको समान देदीप्यमान थियो, सात्यकि त्यस रथमाथि सवार भएर बाणको झरी लगाउँदै कर्णतिर दगुर्‍यो । त्यति बेला अर्जुनका चक्ररक्षक युधामन्यु र उत्तमौजा पनि कर्णमाथि जाइलागे । कर्णले पनि बाणवर्षा गर्दै क्रोधित भई सात्यकिमाथि धावा गरे ।

यी दुवैबीचमा जस्तो युद्ध भयो, त्यस्तो युद्ध यस पृथ्वीमाथि वा देवलोकमा देउता, गन्धर्व, असुर, नाग र राक्षसहरूको पनि सुनिएको थिएन । महाराज, ती दुवैको अद्भुत पराक्रमलाई हेरेर सबै योद्धाले युद्ध रोकेर ती दुवैको अलौकिक सङ्ग्रामलाई मुग्ध भई हेर्न थाले । दारुकको सारथिकर्म पनि अद्भुत खालको थियो, क्षणमैं उसले रथलाई अगाडि बढाउँथ्यो, क्षणमैं पछाडि, कहिले मण्डलाकार चारैतिर घुमाउन थाल्दथ्यो र कहिले अगि बढेर हठात् पछाडि फर्कन्थ्यो । उसको रथ सञ्चालन कलालाई हेरेर आकाशमा उभिएका देउताहरू पनि विस्मय–विमुग्ध भइरहेका थिए । सबैले बडो सावधानीबाट कर्ण र सात्यकिबीचको युद्धलाई हेरिरहेका थिए । ती दुवैले एकअर्कामाथि बाणहरूको झरी लगाइरहेका थिए । सात्यकिले आफ्नो सायकहरूको चोटले कर्णलाई औधि घाइते पारे ।

कर्ण पनि जलसन्ध र भूरिश्रवाको मृत्युबाट खिन्न थिए, उनी सात्यकिलाई आफ्नो दृष्टिबाट दग्ध पार्दै बारम्बार आफ्नो बाणवर्षाबाट विचलित पारिरहे । रणमा ती दुईको पराक्रमको कुनै तुलना थिएन, दुईटैले एकअर्काका अङ्ग–प्रत्यङ्गलाई छेदन गरिरहेका थिए । अलिक बेरमैं सात्यकिले कर्णको सम्पूर्ण अङ्गमा भयङ्कर खाले घाउ पारेर एउटा भल्ल हानी उनको सारथिलाई पनि रथबाट तल झारिदिए । यतिमात्रै होइन, आफ्ना तीक्ष्ण बाणबाट कर्णका चारवटै श्वेत घोडालाई पनि मारिदिए । अनि ध्वजा काटेर कर्णको रथको पनि सयकडौं टुक्रा पारिदिए । यस प्रकार सात्यकिले तपाईंको पुत्रले हेर्दाहेर्दै कर्णलाइ रथहीन पारिदिए ।

अनि कर्णपुत्र वृषसेन, मद्रराज शल्य र द्रोणनन्दन अश्वत्थामाले आएर सात्यकिलाई चारैतिरबाट घेरामा हाले । उता कर्णलाई रथहीन भएको हेरेर चारैतिर हाहाकार मच्चियो । कर्ण शोकोच्छ्वास लिंदै छिट्टै दुर्योधनको रथमाथि गएर बसे । सात्यकि कर्ण र तपाईंका पुत्रहरूलाई मार्नमा समर्थ थिए तापनि उनले अर्जुन र भीमसेनको प्रतिज्ञाको मान राख्नको लागि उनीहरूको प्राण लिएनन् । केवल उनीहरूलाई घाइते पारी व्याकुल अवस्थामा छाडिदिए ।

पछिल्लोपटक जुवा खेल्ने बेलामा भीमसेनले तपाईंका पुत्रहरूलाई र अर्जुनले कर्णलाई मार्ने प्रतिज्ञा गरेका थिए । कर्ण आदि प्रधान वीरहरूले सात्यकिलाई मार्ने पूर्ण प्रयत्न गरे पनि सफल भने हुन सकेका थिएनन् । अश्वत्थामा, कृतवर्मा तथा अन्य सयकडौं क्षत्रिय महारथीहरूलाई सात्यकिले एउटै धनुषले परास्त गरिदिए । सात्यकि श्रीकृष्णा र अर्जुनकै समान पराक्रमी थिए, उनले हाँस्दाहाँस्दै तपाईंका सम्पूर्ण सेनालाई जितिसके । तत्पश्चात् दारुकको भाइले एउटा सुन्दर रथलाई सजाएर सात्यकिको लागि ल्यायो । त्यसै रथमाथि सवार भई सात्यकिले पुनः तपाईंको सेनामाथि धावा गरे । अनि दारुक इच्छा अनुसार श्रीकृष्णाको छेउमा गयो ।

यता कौरवहरूले पनि कर्णको निम्ति एउटा नयाँ रथ लिएर आए, जसमा बडो वेगवान् घोडाहरू जोतिएका थिए । त्यस रथमाथि यन्त्र राखिएको थियो, पताका फरफराउँदो थियो, नानाथरीका अस्त्रशस्त्रहरू राखिएका थिए र त्यसको सारथि सुयोग्य थियो । त्यस रथमाथि बसेर कर्णले पनि शत्रुहरूमाथि आक्रमण गरे । राजन्, यस युद्धमा भीमसेनले तपाईंका एक्काइसजना पुत्रलाई मारिदिए । यस प्रकार तपाईंको अनीतिको कारणले नै यो भयङ्कर संहार भएको हो । क्रमशः...

# भोजन : १

**सहनाभुनौत्तौ सहभोजनम्**

आज हामी त्यस तत्त्वमा हाम फाल्दै छौं, जसको संसार यति विशाल र व्यापक छ, जसको वर्णन सानो लेखमा गर्नै सकिंदैन । तपाईं भन्नुहोला कि चुनावको बेलामा के भोजनको लेख लिएर आइपुग्यो ? तर हजुर चुनावमा जति उम्मेदवार खडा छन्, सबै आआफ्नो भोजनको प्रबन्धमा नै त लागेका छन् । अतः यसको चर्चा एकदम आवश्यक छ ।



वाटिका
डा शिवशङ्कर यादव
shivshankaryadav3398@gmail.com

**यहाँ उल्लेखनीय कुरा यो छ कि चामलमा केवल कार्बोहाइड्रेट मात्र होइन, प्रोटिन र भिटामिन पनि हुन्छ । त्यस्तै, दालमा केवल प्रोटिन मात्र होइन, कार्बोहाइड्रेट र भिटामिन पनि हुन्छ । तर जुन तत्त्व जसमा बढी मात्रामा हुन्छ, त्यस आधारमा त्यसको वर्गीकरण गरिन्छ ।**

हाम्रा मनीषीहरूले पानीलाई जीवन, हावालाई प्राण तर अचम्म त्यसभन्दा कम्ती आवश्यकता भएको भोजनलाई त ब्रह्म नै भनिदिए– अन्नम् ब्रह्मः । हावाको लागि हामीले केही काम गर्नुपर्दैन, पानीको लागि अलिअलि परिश्रम गर्नुपर्छ । तर भोजन त दिनरात काम गरे मात्र प्राप्त हुन्छ । यस्तो परिश्रमले प्राप्त हुने कुरा ब्रह्म रे । शायद यसको कारण यो होला कि ब्रह्म पनि परिश्रमले नै प्राप्त हुन्छ । भोजन शारीरिक परिश्रमले र ब्रह्म आध्यात्मिक परिश्रमले । बाँकी जवाब त उनै मनीषीले नै दिनेछन् । तर पनि ती मनीषीले के भनेका छन् भने ब्रह्मबाट आकाश, आकाशबाट वायु, वायुबाट अग्नि, अग्निबाट जल, जलबाट पृथ्वी, पृथ्वीबाट औषधि र औषधिबाट अन्न बनेको छ । यसरी यस अन्नको उत्पादनमा सम्पूर्ण ब्रह्माण्डको शक्ति लागेको हुनाले यसलाई ब्रह्म भनिएको हुनुपर्छ । शरीर पाँचवटा कोषको सम्मिलन हो । अन्नमयकोष, प्राणमयकोष, मनोमयकोष, ज्ञानमयकोष र आनन्दमयकोष । ब्रह्म अथवा आनन्द प्राप्त गर्ने अन्नमयकोषले पहिलो सिंढीको काम गरेको हुनाले पनि अन्नलाई ब्रह्म भनिएको होला । बाँकी कुरा त उनै मनीषीले जानून् । मेरो काम त भोजनको वैज्ञानिक र स्वास्थ्यसम्बन्धी कुरा बताउनु मात्र हो । आउनुस् जानौं । गीताको सत्रौं अध्यायमा श्रीकृष्णले भनेका छन्–

आयुः सत्त्वबलारोग्य सुखप्रीतिविवर्धनाः ।
रस्याः स्निग्धाः स्थिरा हृद्या आहाराः सात्त्विकप्रियाः ॥ (अर्थात् आयु, बुद्धि, बल, आरोग्य, सुख र प्रीति बढाउने, रसयुक्त, चिल्लो र स्थिर रहने तथा स्वभावले नै मनको प्रिय–यस्तो आहार सात्त्विक पुरुषलाई प्रिय हुन्छ ।)

कट्वम्ललवणात्युष्णातीक्ष्णरूक्षविदाहिनः ।
आहारा राजसस्येष्टा, दुखशोकामयप्रदाः ॥ (अर्थात् पिरो, अमिलो, लवणयुक्त, धेरै तातो, सुक्खा, वायुकारक र दुःख, चिन्ता तथा रोग उत्पन्न गर्ने आहार राजस पुरुषको प्रिय हुन्छ ।)

यातयामं गतरसं पूति पर्युषितं च यत् ।
उच्छिष्टमपि चामेध्यं भोजनं तामसप्रियम् ॥ (अर्थात् जुन भोजन अध्कल्चो, रसरहित, दुर्गन्धयुक्त, बासी र उच्छिष्ट छ तथा जुन अपवित्र पनि छ, त्यो भोजन तामस पुरुषको प्रिय हुन्छ ।)

जब हामी विकासवादको वर्णन सुन्छौं, तब यस्तो छवि हाम्रो दिमागमा निर्मित हुन्छ, जसरी शिकार युगमा मानिस केवल शिकारको मासु मात्र खाने गर्थे । तर जुन बाँदरबाट हामी विकास भएका छौं, ती बाँदर स्वयम् आज पनि शाकाहारी नै छ । डायनासोर मांसाहारी र शाकाहारी दुवै हुन्थे । केही कारण छैन कि मानिस पनि शुरूदेखि नै शाकाहारी र मांसाहारी दुवै थिए र छन् । बिस्तारै मांसाहारलाई त्याग्दै शाकाहारको उत्कृष्टता साबित हुँदै गयो । यही सात्त्विक, राजसी र तामसी भोजनको रूपमा गीतामा परिलक्षित भएको छ । तर पनि श्रीकृष्णले यी श्लोकमा मांसको उच्चारण पनि गरेका छैनन् । सात्त्विक, राजसी र तामसिक भोजनको उपयोगिता बल, बुद्धि, वृद्धिको आधारमा तीन भागमा विभाजित गरिएको छ ।

तर आजको वैज्ञानिक युगमा १९औं शताब्दीको शुरूमा भोजनमा तीन तत्त्व रहेको पता लगाइयो । ती हुन् कार्बोहाइड्रेट, प्रोटिन र फैट । १९औं शताब्दीको मध्यमा भिटामिनको पत्ता लाग्यो । फेरि मिनरल आदि तत्त्वसँग जानकार हुँदै आज न्युट्रिसनसम्बन्धी दिनहुँ खोज र विभिन्न भोजनको रहस्य पत्ता लागिरहेको छ । भोजनका प्रकार, नाम र परिचय यति अनगिन्ती छन् कि सबैको वर्णन सम्भव नै छैन । त्यसैले तिनीमा मौजुद आधाभूत तत्त्वको वर्गीकरण गरी त्यसको मात्र वर्णन गरौं ।

**प्रोटिन** : यो भोजनको त्यो तत्त्व हो, जसले शरीरको वृद्धि गर्छ र दिनहुँ टुटफुट भएका कोषहरूको मर्मत गर्छ । यसले एन्टीबडी, हार्मोन र रक्तकण बनाउनुका साथै चार किलो क्यालोरी प्रतिग्रामको हिसाबले ऊर्जा पनि दिन्छ । यो मांसाहारी र शाकाहारी दुवै भोजनमा पाइन्छ । मांसाहारीमा मासु, माछा, अन्डा र शाकाहारीमा विभिन्न प्रकारका दाल, गेंडागुडी र मेवामा पाइन्छ । पाचनपछि यसले प्रचुर मात्रामा विभिन्न प्रकारका केमिकल बनाउँछ, जसलाई एमिनो एसिड भनिन्छ । एमिनो एसिड दुई प्रकारको हुन्छ– अनिवार्य र सामान्य । अनिवार्य मतलब भोजनमा अनिवार्यरूपले नित्य लिनैपर्छ । अनिवार्य एमिनो एसिड नौवटा हुन्छन्, जुन भनिन्छ कि केवल जनावरको मासुमा मात्र पाइन्छ । तर आजभोलि यो कुरा गलत साबित भइसकेको छ । दुई वा बढी दाल मिलाएर पकाइयो भने त्यसले पनि अनिवार्य एमिनो एसिड दिन्छ । दिनहुँ मानिसलाई त्यति नै ग्राम प्रोटिन चाहिन्छ, जति उसको वजन हुन्छ । तर बच्चा र दूध खुवाउने आमालाई बढी जरुरी पर्छ । यसको कमीले कुपोषण हुन्छ, जुन घातक पनि हुन सक्छ । हाडछाला मात्र भएको बच्चामा प्रोटिनको कमी रहेको सजिलै देखिन्छ । पाखुराको गोलाइ नापेर कुपोषण पत्ता लगाइन्छ । प्रयोगशालाको परीक्षण त आफ्नो स्थानमा छँदैछ ।

हुन्छ । अर्थात् मासुमा पाइने बोसो हानिकारक र तरकारीमा पाइने बोसो स्वस्थकर हुन्छ । यसरी वनस्पति घ्यू लाभदायक हुनुपर्ने हो तर तेलबाट घ्यू बनाउँदा हाइड्रोजिनेशन गरिन्छ, जसले अनसैचुरेटेड फ्याटी एसिडलाई सैचुरेटेड फ्याटी एसिडमा बदलिदिन्छ । यसरी हामी केवल घ्यू जस्तै हेर्नको लागि लाभदायक कुरालाई पनि हानिकारकमा बदलिदिन्छौं । यसरी हामीले केवल स्वाद र राम्रो देखिनको लागि सबै खाद्य पदार्थमा पोषक तत्त्व यति घटाएका हुन्छौं कि भनेर साध्य छैन । बोसो ऊर्जाको सबैभन्दा राम्रो स्रोत हो । यसले प्रतिग्राम नौ किलो क्यालोरी ऊर्जा प्रदान गर्छ । देखिने बोसो– तेल, घ्यू, मख्खन हुन् । नदेखिने बोसो प्रायः प्रत्येक खानामा हुन्छ । ऊर्जा दिनुबाहेक बोसोले नै मुटु, मिर्गौला, कलेजो आदि शरीरका सबै अङ्गको लागि शय्या बनाएको हुन्छ, जसमाथि यी अङ्ग बसेर स्थिर टिकेको हुन्छ । यसको अलावा केही भिटामिन बोसोमा मात्रै घुलनशील हुन्छ । ती भिटामिनलाई ऊर्जामा बदल्ने काम बोसोले गर्छ । दिनहुँ मानिसलाई २० देखि ३० ग्राम बोसो चाहिन्छ । बढी बोसो खाइयो भने त्यो बोसो पेट, छाला वा हरेक अङ्गमा जम्मा भई शरीरमा मोटापन बढेर कतिपय रोगको कारण बन्छ ।

**कार्बोहाइड्रेट** : यो हाम्रो भोजनको मुख्य भाग हो । दिनहुँ हामीले दाल, भात र तरकारी खान्छौं । यसमा भात कार्बोहाइड्रेट, दाल प्रोटिन र तरकारी पकाउने तेल बोसो हो । भन्नै पर्दैन कि यसमा भात अथवा कार्बोहाइड्रेट सबैभन्दा बढी मात्रामा हुन्छ । यो पचेपछि ग्लुकोज बन्छ, जसले तत्काल ऊर्जा दिन्छ । यो तीन प्रकारको हुन्छ– स्टार्च, ग्लुकोज र सेल्युलोज । सेल्युलोज पचन नसक्ने कार्बोहाइड्रेट हो । नपचे पनि यसले फाइबर बनाउँछ, जुन हाम्रो शरीरबाट मल निष्कासनको लागि अनिवार्य तत्त्व हो । कार्बोहाइड्रेटले तुरुन्त ऊर्जा दिनुका साथै कलेजोमा ग्लाइकोजनको रूपमा ५०० ग्राम भण्डारणको रूपमा पनि रहन्छ, जुन व्रत बस्दा खर्च हुन्छ । लामो व्रतमा यो ग्लाइकोजन पनि सकेपछि शरीरमा जम्मा भएको बोसो खर्च हुन्छ । कार्बोहाइड्रेटले प्रतिग्राम चार किलो क्यालोरीको हिसाबले ऊर्जा दिन्छ ।





**फैट अथवा बोसो** : यो सजिलै खसी र कुखुराको मासुमा सेतो वा पहेंलो रङ्गमा देखिन्छ । २० डिग्री सेल्सियसमा यो ठोस हुन्छ । द्रव्यरूपमा यसलाई तेल वा रिफाइन भनिन्छ । यो बोसो पनि दुई प्रकारको हुन्छ– जनावरको बोसो र शाकाहारी बोसो । प्रोटिन जस्तै पाचनपछि यसले बनाउने रसायनलाई फ्याटी एसिड भनिन्छ । जनावरबाट बन्ने फ्याटी एसिडलाई सैचुरेटेड र शाकाहारी बोसोबाट प्राप्त फ्याटी एसिडलाई अनसैचुरेटेड फ्याटी एसिड भनिन्छ । सैचुरेटेड फ्याटी एसिड हानिकारक र अनसैचुरेटेड फ्याटी एसिड फाइदाजनक

यहाँ उल्लेखनीय कुरा यो छ कि चामलमा केवल कार्बोहाइड्रेट मात्र होइन, प्रोटिन र भिटामिन पनि हुन्छ । त्यस्तै, दालमा केवल प्रोटिन मात्र होइन, कार्बोहाइड्रेट र भिटामिन पनि हुन्छ । तर जुन तत्त्व जसमा बढी मात्रामा हुन्छ, त्यस आधारमा त्यसको वर्गीकरण गरिन्छ । एव रीतले सबै खाद्य पदार्थ यस्तै विभिन्न तत्त्वले बनेका छन् ।

■ लघुकथा

## ऐंचोपैंचो अवधारणा

– समीर पाख्रिन

"पुस्तक छपाइको काम सकियो । कहिले आउनुहुन्छ ?" छापाखानाबाट फोन आयो ।

सुनेर खुशी हुनुपर्ने मान्छे म, अहँ त्यस्तो केही लागेन । बरु पैसोको जोहो कहाँबाट गर्ने समस्यामा परें । पहिलोचोटि त मेरी उनले स्वस्फूर्तरूपमा पच्चीसवटा हात्ती गनेर टक्राएकी थिइन् । तर लामो साधना र मिहेनत गरेर सिर्जना गरेको त्यो पुस्तक डिच्च हाँस्दै सित्तैमा बाँडेको थाहा पाएपछि उनले चित्त दुखाएकी थिइन् । यसैले यसपल्ट मैले उनलाई दोस्रो कृति प्रकाशनको भनकसमेत दिएको थिइनँ ।

दिनदिनै छापाखानाबाट फोन आउन थालेपछि मलाई छटपट हुन थाल्यो । जुन मित्रले आँट भरोसा दिएका थिए, उनको समेत फोन उठ्न छाड्यो । अब के गर्ने ? चिन्ताले सताउन थाल्यो ।

उपायको खोजीमा लामै समय घोत्लिएपछि यौटा उपाय फुर्‍यो ।

हामी नवप्रवेशी स्रष्टाहरूले एकाअर्काको प्रकाशित कृति एक प्रति उठाइदिंदा स्रष्टालाई कृति प्रकाशनमा सहयोग पुग्ने हुँदा "आउनोस्, हामी 'ऐंचोपैंचो समूह'को रूपमा अघि बढौं । सहमत हुनेले कमेन्ट बक्समा सहमत लेखेर ऐक्यबद्धता जाहेर गर्नोस्," फेसबूकमा स्टेटस लेखेर पोस्ट गरें ।

नभन्दै लाइक र कमेन्टको ओइरो लाग्यो र संयोगवश पहिलो पुस्तक पनि मेरै पर्‍यो ।

दोस्रो दिन केही रुपियाँ बोकेर छापाखाना पुगें । पुस्तक बन्डल गरी एक कुनामा फालिएको रहेछ । लेनदेनको कुरामा साहुजी सहजरूपमा प्रस्तुत हुनुभयो । शायद साहुले पनि उक्त स्टेटस पढेको हुनुपर्छ ।

ढिलो नगरी सामान्यरूपमा विमोचन कार्यक्रम आयोजना गरियो । सबैजसो स्रष्टा मित्रहरू विमोचन कार्यक्रममा सहभागी भए ।

उपस्थित नवप्रवेशीहरूले ऐंचोपैंचो समूहको अवधारणाको हदैसम्म प्रशंसा गर्दै उक्त प्रस्तावलाई एक प्रति पुस्तक खरीद गरी सोही समारोहमा अनुमोदनसमेत गरे ।

## अन्तर्राष्ट्रिय समाचार

# श्रीलङ्काको प्रधानमन्त्रीमा विक्रमासिंघे नियुक्त

कोलम्बो, ३० वैशाख/सिन्ह्वा

श्रीलङ्काको प्रधानमन्त्रीमा रनिल विक्रमासिंघे नियुक्त भएका छन् । बिहीवार नयाँ प्रधानमन्त्रीका रूपमा राष्ट्रपति गोटबाया राजापाक्षेले रनिल विक्रमासिंघेलाई नियुक्त गरेका हुन् ।

उनी श्रीलङ्काको पूर्वप्रधानमन्त्री रहिसकेका छन् । विक्रमासिंघे श्रीलङ्कामा पटक–पटक प्रधानमन्त्री भइसकेका छन् । उनलाई नयाँ प्रधानमन्त्रीका रूपमा राष्ट्रपतिले बिहीवार नै शपथ गराएको बताइएको छ ।

हाल श्रीलङ्का चरम आर्थिक सङ्कटबाट गुज्रिरहेको छ । श्रीलङ्कामा महिन्दा राजापाक्षेले प्रधानमन्त्री पदबाट केही दिनअघि मात्र राजीनामा दिएका थिए । राजापाक्षेको राजीनामा मागेर देशमा आन्दोलन पनि भएको थियो । त्यसपछि उनले वैशाख २६ गते आफ्ना भाइसमेत रहेका राष्ट्रपति गोटबाया राजापाक्षेलाई राजीनामा बुझाएका थिए ।

आर्थिक सङ्कटका कारण हाल श्रीलङ्कामा खाद्यान्न, इन्धन र औषधिको चर्को अभाव रहेको छ । विविध कारणले देश आर्थिक सङ्कटमा फसेको छ । महिन्दा राजापाक्षेले सोमवार प्रधानमन्त्री पदबाट राजीनामा दिएपछि पनि यसलगत्तै राजधानी कोलम्बोमा दङ्गा फैलिएको थियो ।

यहाँ आन्दोलनका कारण हिंसामा परेर कम्तीमा नौजनाको मृत्यु हुनुका साथै दुई सयभन्दा बढी घाइते भएका छन् । नयाँ प्रधानमन्त्री विक्रमासिंघे यहाँको युनाइटेड नेशनल पार्टीका नेता हुन् । उनी यहाँ लामो समयदेखि राजनीतिमा सक्रिय छन् । विक्रमासिंघेलाई यहाँको अर्को राजनीतिक परिवार राजापाक्षेहरूको निकट पनि मानिन्छ । त्यसैले पनि उनलाई प्रधानमन्त्रीका रूपमा चुनिएको विज्ञहरूको भनाइ रहेको छ । रासस



श्रीलङ्काका नवनियुक्त प्रधानमन्त्री रनिल विक्रमासिंघे । तस्वीरः एजेन्सी

# अपेक्षाकृत मत खसेन, २८ पालिकाका ४४ केन्द्रमा स्थगन

काठमाडौं, ३० वैशाख/रासस

स्थानीय तह सदस्य निर्वाचन, २०७९ मा अपेक्षाकृत मत नखसेको निर्वाचन आयोगको बुझाइ रहेको छ । आमरूपमा मतदान शान्तिपूर्ण र उत्साहजनकरूपमा भएपनि ६५ प्रतिशतको हाराहारीमा मत खसेको आयोगको प्रारम्भिक विश्लेषण छ । आयोगले ६८ देखि ७२ प्रतिशतसम्म मत खस्ने अपेक्षा गरेको थियो ।

मतभार धेरै भएका काठमाडौं महानगरपालिकालगायत तराई–मधेसका कतिपय स्थानीय तहमा तुलनात्मकरूपमा कम मत खसेपछि कुल प्रतिशत बढ्न नसकेको हो । आयोगका अनुसार बढीमा ७५ प्रतिशत र कममा ५० प्रशितसम्म मत खसेको छ ।

प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले आयोगले अपेक्षा गरेभन्दा कम मत खसे पनि समग्रमा मतदान उत्साहजनक रहेको बताउँदै समग्र विश्लेषण भने आजै गर्न नमिल्ने बताए । आयोगले खडा गरेको संयुक्त निर्वाचन सञ्चालन केन्द्र र निर्वाचन पर्यवेक्षण समिति (नियोक)को कल सेन्टरबाट निर्वाचनको अनुगमन गरेको थियो । आयोगबाट स्वीकृतिप्राप्त ६८ संस्थाका करीब ५० हजार पर्यवेक्षकले पठाएका प्रारम्भिक प्रतिवेदन पनि आयोगमा आउने क्रम जारी रहेको छ ।

साँझ ६ बजेसम्मको विवरण अनुसार १८ वटा स्थानीय तहका ४४ मतदान केन्द्रमा विवाद र झडपका कारण मतदान स्थगन भएको छ । स्थगन भएका स्थानमा नयाँ निर्वाचन मिति चाँडै घोषणा गरिने आयोगले जनाएको छ । प्रमुख आयुक्त थपलियाले एकै चरणमा निर्वाचन गर्नुपरेका कारण सुरक्षा प्रबन्ध पर्याप्त नभएको हो कि भन्ने देखिएको र राजनीतिक दल र उम्मेदवारले सानातिना विषयमा पनि विवाद झिकेर लोकतान्त्रिक उच्च संस्कार प्रदर्शनमा कमजोरी दर्शाएकाले ती स्थानमा स्थगन हुने स्थिति देखिएको उनले बताए ।

उनले कतिपय तहमा जसरी पनि जित्पुपर्छ र राज गर्न पाउनुपर्छ भन्ने सोच भएका दल र कार्यकर्ताका कारण स्थिति तनावग्रस्त भएको र मतदातालाई दुःख दिने कार्य भएकामा चिन्ता व्यक्त गर्दै भने, “यो लोकतन्त्रका लागि चुनौतीपूर्ण कुरा हो । यसमा सम्बन्धित दल, उम्मेदवार र कार्यकर्ता गम्भीर हुनैपर्छ । गलती गर्नेलाई कानूनबमोजिम कारबाही हुन्छ । अन्यथा त्यस्ता स्थानमा जतिपटक निर्वाचन गरे पनि यस्ता समस्या देखा पर्न सक्छन् ।”

निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयमुक्त वातावरणमा सम्पन्न गराउन आयोगले आवश्यक तयारी गरेको थियो । निर्वाचनमा विभिन्न राजनीतिक दलका ३५५ जना विभिन्न पदाधिकारीहरू निर्विरोध निर्वाचित भइसकेका छन् भने छ वडाध्यक्षसहित ३५ जना स्वतन्त्र सदस्य निर्विरोध निर्वाचित भएका छन् । यो निर्वाचनमा १० हजार ७५६ मतदानस्थलका २१ हजार ९५५ मतदान केन्द्रबाट एक करोड ७७ लाख ३३ हजार ७२३ मतदाताले जम्मा ३५ हजार २२१ जनामध्ये निर्विरोध निर्वाचित भएकाबाहेकका पदमा प्रतिनिधि छनोट गर्नेछन् । मतदान केन्द्रमा आवश्यक हुने निर्वाचन सामग्रीहरूसहित एक लाख नौ हजार ८८ जना कर्मचारी र ६५ हजार ८६५ जना स्वयंसेवक आआफ्नो मतदान केन्द्रमा पुगिसकेका छन् ।

स्थानीय तह निर्वाचनमा भाग लिने भनी दर्ता भएका ७९ वटा राजनीतिक दलमध्ये जम्मा ६५ वटा राजनीतिक दल चुनावी प्रतिस्पर्धामा रहेका छन । ५५ हजार ६९८ महिला र ८९ हजार ३१३ पुरुष गरी विभिन्न राजनीतिक दल र स्वतन्त्र उम्मेदवारसमेत जम्मा एक लाख ४५ हजार ११ जना चुनावी प्रतिस्पर्धामा रहेका छन् । निर्वाचनमा मतदाताले शान्तिपूर्ण वातावरणमा निर्बाधरूपले मतदान गर्ने अधिकारको सुनिश्चितताका लागि शान्ति सुरक्षाको कडा व्यवस्था मिलाउन नेपाल सरकारलगायत सम्बन्धित स्थानीय प्रशासनहरूलाई आवश्यक निर्देशन दिएर सोबमोजिम निर्वाचन सुरक्षा व्यवस्थालाई प्रभावकारी बनाइएको थियो ।

## दुर्घटनामा १४ जनाको मृत्यु

वालिङ, ३० वैशाख/रासस

शुक्रवार बिहान स्याङ्जाको वालिङ–१४ अर्खलबासमा मतदाता बोकेको जीप दुर्घटना हुँदा १४ जनाको मृत्यु भएको छ ।

जिल्ला प्रहरी कार्यालय, स्याङ्जाका प्रहरी प्रवक्ता रवीन्द्र खनालले वालिङ–१४ को पञ्चमूल अर्खलबासस्थित भित्री सडकखण्डमा सिखेबाट तिवारीपसलतर्फ आउँदै गरेको ग.२च ३०२६ नम्बरको जीप दुर्घटना हुँदा जीपमा सवार १४ जनाको मृत्यु भएको र ११ जना घाइते भएको बताए । घाइतेहरूको अवस्था चिन्ताजनक रहेको छ ।

घाइतेको वालिङस्थित गल्हौं प्राथमिक अस्पतालमा उपचारपछि थप उपचारका लागि पोखरास्थित गण्डकी मेडिकल कलेज पठाइएको छ ।

# सरकारी अधिकारीहरूका विदेश भ्रमणमा रोक

ढाका, ३० वैशाख/सिन्ह्वा

बङ्गलादेश सरकारले यहाँका सबै सरकारी अधिकारीहरूका विदेश भ्रमणमा रोक लगाएको छ । कोभिडपछि यहाँको अर्थतन्त्र निकै कठिन अवस्थामा पुगेको भन्दै यहाँको विकास बजेट या अन्य कुनै बजेटबाट विदेश भ्रमण गर्न रोक लगाइएको छ ।

यहाँको सरकारले कोभिडपछिको अर्थतन्त्रको सुधारका लागि विभिन्न कार्यक्रम ल्याएको जनाएको छ । ती कार्यक्रममा सहयोग गर्न सबै सरकारी अधिकारीलाई यहाँको अर्थ मन्त्रालयले आग्रह पनि गरेको छ । अर्थ मन्त्रालयले बिहीवार एक सूचना प्रकाशन गरेर यहाँका सरकारी सबै प्रकारका भ्रमण हाललाई रोकिएको जनाएको छ ।

यहाँको केन्द्रीय बैंकले बङ्गलादेशमा विलासिताका र अत्यावश्यकबाहेकका वस्तु आयातमा पनि रोक लगाएको छ । यहाँको केन्द्रीय बैंकले आर्थिक सुधार र मितव्ययितासम्बन्धी कार्यक्रम ल्याएको छ । सो कार्यक्रममा सरकारी अधिकारीले गर्ने विदेश भ्रमणका साथै विलासिताका सामानको आयातमा रोक लगाइएको छ ।

यहाँको सरकारले वैदेशिक मुद्राको सञ्चिति घट्दै गएको भन्दै यहाँ खाद्यान्नसहितको अत्यावश्यकबाहेकका अरू सामानको आयातमा रोक लगाइएको हो । रासस

# विरोध प्रदर्शनमा पत्रकारको मृत्यु

सान्टियागो, ३० वैशाख/एएफपी

चिलीको राजधानी सान्टियागोमा मे दिवसको क्रममा भएको विरोध प्रदर्शनको समयमा गोली प्रहारमा परी बिहीवार एकजना पत्रकार मारिएको अस्पतालका एक अधिकारीले जानकारी दिएका छन् ।

गोली प्रहारमा परी तीस वर्षीया फ्रान्सिस्का स्यान्डोभलको मृत्यु भएको छ । “फ्रान्सिस्काले हामीलाई छोडिन् । उनीहरूले उसलाई मारे,” सेनल घडेला भिक्टोरिया साइटले लेखेको छ । सो साइटले मृत्युको लागि कसलाई दोष लगाइएको थियो भनेर विस्तृतरूपमा उल्लेख भने गरेको छैन ।

“हामी तपाईंलाई सम्झनेछौं र हामी सत्य बताउन सक्दो प्रयास गर्नेछौं,” भिक्टोरिया साइटले थपेको छ । मे १ मा अन्तर्राष्ट्रिय श्रमिक दिवसको अवसरमा आयोजित युनियनको प्रदर्शनका क्रममा भएको हिंसात्मक झडपमा स्यान्डोभलको टाउकोमा गोली लागेको थियो । गोली लागेर अन्य दुईजना घाइते भएका थिए । एक विज्ञप्तिमा उनको उपचार गरिएको अस्पतालको सघन हेरचाहका प्रमुख डेनियल रोड्रिगेजले स्यान्डोभलको गोली प्रहारबाट भएको मस्तिष्क रक्तस्रावका कारण मृत्यु भएको बताए । गत हप्ता गोली प्रहार गर्ने तीनजना अभियुक्त पक्राउ परेका थिए र स्यान्डोभललाई गोली हानेको शङ्कास्पद व्यक्तिलाई हत्या र अवैध हतियार राखेको अभियोगमा पूर्वपरीक्षण हिरासतमा राखिएको थियो ।

वामपन्थी राष्ट्रपति गेब्रियल बोरिकले बिहीवार दिउँसो एक ट्वीटमा स्यान्डोभलको परिवारप्रति समवेदना व्यक्त गरे र अपराधको लागि दण्डबाट मुक्त हुन नदिने वाचा गरे । स्यान्डोभलको मृत्युको खबर आएलगत्तै राजधानीमा मैनबत्ती र पत्रकारको तस्बिर राखेर विभिन्न कार्यक्रम भएका थिए । रासस

# डुङ्गा पल्टिंदा एघारजनाको मृत्यु

मियामी, ३० वैशाख/एएफपी

बिहीवार पोर्टो रिकोको तटमा डुङ्गा पल्टिंदा ११ जनाको मृत्यु भएको छ । दुर्घटना भएको यस डुङ्गामा अज्ञात सङ्ख्यामा यात्रु सवार रहेका समाचारमा जनाइएको छ ।

अन्य ३१ जनालाई उद्धार गरिएको अमेरिकी कोस्ट गार्डले जनाएको छ । ३१ जनालाई जीवित उद्धार गरिएको तटीय गार्डले ट्वीटमार्फत जानकारी दिएका छन् । उद्धार गरिएका यी व्यक्तिमा ११ जना महिला र २० जना पुरुष रहेका जनाइएको छ । एघारजनाको मृत्यु भएको छ ।

पोर्टो रिकोको डेसेचियो टापुबाट करीब १९ वर्गकिलोमिटर उत्तरमा गैरकानूनीरूपमा यात्रामा रहेको एक डुङ्गा पल्टेको जनाइएको छ । डुङ्गामा सवार धेरै मानिस हाइटीका थिए । यो डुङ्गामा कतिजना थिए भन्ने स्पष्ट छैन । दुर्घटनाको कारणलगायत सबै विषयको अनुसन्धान जारिरहेको जनाइएको छ । पोर्टो रिको एक क्यारिबियन टापु र असङ्गठित अमेरिकी क्षेत्र हो । रासस

# कोभिड सङ्क्रमित एकजनाको मृत्यु

सोल, ३० वैशाख/एएफपी

उत्तर कोरियामा एकजना कोभिड–१९ सङ्क्रमितको मृत्यु भएको शुक्रवार पुष्टि गरिएको छ । उत्तर कोरियाले आफ्नो पहिलो कोभिड–१९ सङ्क्रमितको मृत्युको पुष्टि गर्दै ज्वरो विस्फोटकरूपमा राष्ट्रव्यापी रूपमा फैलिरहेको र हजारौं मानिस बिरामी भएपछि अलग्गै राखी उपचार भइरहेको बताएको छ ।

कोरोनाका एकजना सङ्क्रमित भेटिएको सरकारी समाचार समिति कोरियन सेन्ट्रल न्यूज एजेन्सी (केसिएनए)ले बिहीवार जानकारी दिएको थियो ।

यहाँ पाइएको सङ्क्रमण कोभिडको ओमिक्रोन भर्सन भएको पनि समाचारमा जनाइएको छ । यो सङ्क्रमण पाइएपछि यहाँको सरकारले यसलाई राष्ट्रिय सङ्कटको अवस्था भनेको पनि सो समाचार समितिले जनाएको छ । रासस

**मतदान...**

स्थानीय तह आफैंमा अधिकार सम्पन्न भएपनि बुझाइमा रहेको कमजोरीका कारण यसलाई कम आँकिएको छ । संविधानले सबै सरकारलाई शासकीय र कानून निर्माणका हकमा संसदीय अधिकारसमेत दिइए पनि कार्यान्वयनका आधारमा भने आत्मसात् गरिएको देखिंदैन । कार्यपालिकाले स्थानीय सरकारको निकायका रूपमा काम गर्ने र सबै वडाका सदस्य सङ्घीय संसद्का सांसद जस्तै हुन् भन्ने बुझाउनु र महत्त्व दर्शाउनु आवश्यक छ ।

स्थानीय सरकार आफैंमा बलियो र सक्षम सरकार हो भन्ने बुझाउनु जरुरी छ । स्थानीय तहका सबै वडा सदस्य, कार्यपालिका र प्रमुख तथा उपप्रमुख आफैंमा सरकार र संसद्को भूमिकामा रहेका छन् । स्थानीय सरकारको भूमिकाको महत्त्वपूर्ण छ । यो आफैंमा सरकार र संसद् हो भन्ने विषयमा रहेको बुझाइको कमजोरीका कारण पनि कार्यान्वयनमा कठिनाइ भएको हुन सक्छ । स्थानीय सरकार आफैंमा शक्तिसम्पन्न हो भन्ने कुरा कम्तीमा उम्मेदवारले मतदातालाई बुझाउनु आवश्यक छ ।

नगर वा गाउँ सभा बोलाउने, सदस्यको उपस्थिति र शासन, सभाको गणपूरक सङ्ख्या, बैठकको सञ्चालन र स्थगन, कार्यसूची र समयावधि प्रकाशन, समयावधि निर्धारण, सभामा मतदान, संशोधन, बैठकको प्रारम्भ, बैठकमा पालना गर्नुपर्ने आचरण, बैठकमा भाग लिने सदस्यले पालना गर्नुपर्ने नियम, छलफलमा बोल्ने क्रमलगायत प्रक्रियाले पनि स्थानीय सरकार र संसद् दुवै भूमिकामा छ भन्ने स्पष्ट देखिन्छ ।

स्थानीय सरकार सञ्चालन ऐनले सभाको बैठक वर्षको दुईपटक बस्ने व्यवस्था गरेको छ । सङ्घीय संसद्को बैठक पनि विशेष परिस्थितिबाहेक वर्षमा दुईपटक नै बस्छ । सभामा कार्यरत विषयगत समिति, स्थानीय कानून मस्यौदा गर्ने प्रक्रिया, विधेयक दर्ता, छलफल र पारित गर्ने प्रक्रिया, राजस्व र व्यय (बजेट) छलफल, विनियोजन तथा आर्थिक विधेयकसम्बन्धी कार्यविधि, शून्य र विशेष समय, प्रश्नोत्तर, सार्वजनिक महत्त्वको विषय, सङ्कल्प, सभा र सदस्यको विशेषाधिकार, सदस्यको आचरण तथा विविधलगायत व्यवस्था ऐनले गरेको छ ।

कार्यपालिकाले विधेयक तर्जुमा गर्नुअघि त्यस्तो विषयको कानून निर्माण गर्न आवश्यक रहे नरहेका विषयमा आवश्यकताको पहिचान पनि गर्न सक्छ । त्यसका लागि कार्यपालिकाले स्थानीय कानून बनाउनुपर्ने आधार र कारण, त्यस्तो विषयमा प्रदेश र सङ्घीय कानून भए/नभएको, स्थानीय कानूनबाट हासिल गर्न खोजिएको लाभ, लागत र उपलब्धिका विषयमा आवश्यक अध्ययन गरेर अवधारणापत्र तयार गर्नुपर्नेछ ।

कानूनको संशोधनका लागि विधेयक तर्जुमा गर्दा संशोधन गर्नुपर्ने आधार र कारणसहितको दफावार तीन महलको विवरण तयार गर्नुपर्ने उल्लेख गरिएको छ । कार्यविधिले कुनै प्रस्ताव स्वीकार योग्य छ वा छैन भन्ने कुराको निर्णय अध्यक्षले गर्ने र त्यसरी निर्णय गर्दा निजले कारण खुलाइ प्रस्तावको कुनै अंश वा पूरै प्रस्ताव अस्वीकार गर्न सक्ने अधिकार दिइएको छ । यस आधारमा स्थानीय तह सरकार र संसद् दुवै भूमिकामा छ भन्ने स्पष्ट हुन्छ ।

नेपाल कन्सल्टिङ लयर्स इन्कका तर्फबाट कानूनका जानकार विपिन अधिकारी र उमेश गौतमले सात प्रदेशका सात स्थानीय तहको कानून निर्माण, कार्यान्वयनका सन्दर्भमा गरेको अध्ययनले स्थानीय सरकार आफैंमा शक्तिसम्पन्न सरकार र संसद् दुवै भूमिकामा रहेको पाइएको छ । नगरसभामा केही सक्रिय सदस्य भएपनि अधिकांशले भने त्यस्तो भूमिका निर्वाह गर्न नसकेको सो अध्ययनले देखाएको छ ।

कार्यपालिकाले पठाएको विधेयक विस्तारमा छलफल हुन नसकेको, विधेयकमा तयारी नभएको तथा पर्याप्त छलफल नभएको पाइएको छ । सभा नबसे पनि समितिले काम गर्न सक्ने अवस्था हुनुपर्नेमा त्यसो नभएकाले अब निर्वाचित हुने जनप्रतिनिधिले यो भूमिका पर्याप्तरूपमा निर्वाह गर्नुपर्ने आवश्यकता महसूस भएको छ ।

प्रमुख राजनीतिक दलले आफ्ना घोषणापत्रमा स्थानीय सरकारलाई थप प्रभावकारी बनाउने प्रतिबद्धता जनाएका छन् । अभ्यासबाट सिक्दै जाने प्रतिबद्धता जनाएका उम्मेदवार नै निर्वाचित हुने भएकाले आगामी दिनमा थप सहजता हुनेछ । प्रतिबद्धतालाई व्यावहारिकरूपमा कार्यान्वयन गर्नुपर्ने दायित्व पनि दलकै भएकाले निर्वाचित हुने उम्मेदवारले यसमा ख्याल गर्नुपर्नेछ ।

### आजको राशिफल

| | |
|---|---|
| मेष – यात्रालाभ | वृष – शत्रुपराजय |
| मिथुन – सुसमाचार | कर्कट – उदरपीडा |
| सिंह – मित्रमिलन | कन्या – अतिथिआगमन |
| तुला – भाग्योदय | वृश्चिक – बेचैनी |
| धनु – मनोरञ्जन | मकर – कर्मप्राप्ति |
| कुम्भ – राज्यलाभ | मीन – वादविवाद |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


बालश्रम दण्डनीय अपराध हो,
बालबालिकालाई कुनै पनि श्रमजन्य कार्यमा नलगाऔं ।
वीरगंज महानगरपालिका


### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसो: ३:४० बजे

# बारा र रौतहटका केही स्थानमा झडप, मतपेटिका पनि लुटियो

प्रस, वीरगंज, ३० वैशाख/

पर्सामा शान्तिपूर्णरूपमा मतदान सम्पन्न भएपनि बारा र रौतहटका केही मतदान केन्द्रमा विवाद, झडप भएर तनाव बढेपछि मतदान स्थगित भएको छ।

रौतहट जिल्लामा गाउँलेले मतपेटिका लुटपाट गरेका छन्। यमुनामाई गाउँपालिकामा मतपेटिका लुटपाट भएको छ। वडा नं १ को चिकना जेठरहिया (क) मतदानस्थल र वडा नं २ को भेडियाही मतदान केन्द्रबाट मतपेटिका लुटिएको छ। यमुनामाईमा जनता समाजवादी पार्टी, नेपाली काङ्ग्रेस र नेकपा एमालेका कार्यकर्ताबीच झडप भएको थियो। उनीहरूले मतदानस्थलमा हुलदङ्गा गर्दै मतदान केन्द्र कब्जामा लिएर मतदान भएको र बाँकी मतपत्र च्यात्नुका साथै मतपेटिका तोडफोड पनि गरेका थिए। त्यसैगरी, केहीले मतपेटिका लिएर भागेका कारण दुवै स्थानमा मतदान रद्द गरिएको मतदान अधिकृत हरिप्रसाद शर्माले जानकारी गराए।

रौतहटकै गढीमाई नपा–३ र ६ मा झडप भएपछि मतदान स्थगित भएको छ। यसैगरी, वडा नं ७ हर्साहा स्वास्थ्य चौकीको मतदान केन्द्र 'क' र 'ख' मा भएको मतदान स्थगित भयो। फतवा विजयपुर–२ शीतलपुर बैरगिनीमा दुई पक्षबीच विवाद बढेर झडप भएको र प्रहरीले पाँच राउन्ड हवाई फायर गरेर स्थिति नियन्त्रणमा लिनुपरेको थियो।

गौर नगरपालिका–५ मा नेकपा एकीकृत समाजवादी पार्टीका अध्यक्ष पूर्वप्रधानमन्त्री माधवकुमार नेपालसँग दुर्व्यवहार भएको छ। वडा नं २ मा मतदान गरेर नेपाल अन्य वडाहरूको मतदान केन्द्र घुम्ने क्रममा वडा नं ५ मा प्रवेश गर्न खोज्दा उनलाई दुर्व्यवहार गरिएको हो। केही व्यक्तिले नेता नेपालविरुद्ध नाराबाजी गरेको, उनलाई मतदान केन्द्रमा प्रवेश गर्दा अवरोध गरेका थिए। विवाद नबढोस् भनेर नेता नेपाल सो मतदान केन्द्र प्रवेश नगरी हिंडेका थिए।

यसैगरी, बाराको पचरौता नगरपालिका–२ र ४ को निर्वाचन स्थगित भएको छ। जसपाका कार्यकर्ताहरूले प्रोक्सी मत खसाएको भन्दै एमाले कार्यकर्ताहरूले त्यसको विरोध गर्दा विवाद बढेको थियो र अन्तमा दुवै वडाको मतदान स्थगित गर्नुपरेको हो। बाराकै देवताल गापा–७ मा भने दुई पक्षीय झडप भएको र एकजना घाइते भएका छन्। झडपपछि केहीबेर मतदान प्रभावित भएको थियो। पछि सुचारु भएर सम्पन्न भएको बताइएको छ। बाराकै सिम्रौनगढ नगरपालिका–४ हरिहरपुर मतदान केन्द्रमा झडप भएको र चारजना घाइते भएको प्रहरीले जनाएको छ। विनोद यादव, सुमोध यादव, रोशनकुमार गुप्ता र कन्तुप्रसाद सहनी घाइते भएका छन्। यसैगरी, वडा नं ३ जोलाहीमा भएको झडपमा सद्दाम हुसेन, नुरुल्लाह अन्सारी र राधेश्याम सहनी गरी तीनजना घाइते भएका र उनीहरूसमेतको उपचार नगर अस्पतालमा भइरहेको बताइएको छ।


यमुनामाई गाउँपालिकामा मतपेटिका लिएर भाग्दै। तस्वीरः सौजन्य


रौतहटमा मतपेटिका फोडेपछि छरपस्ट मतपत्रहरू। तस्वीरः सौजन्य


रौतहटमा भएको झडपमा घाइते भएका व्यक्ति अस्पतालमा। तस्वीरः प्रतीक

# मधेस प्रदेशका यी जिल्लामा गोली चल्यो

प्रस, वीरगंज, ३० वैशाख/

मधेस प्रदेशका चार जिल्लामा चुनावको समयमा गोली चलेको छ। पर्सा, धनुषा, महोत्तरी, सर्लाही र रौतहटमा गोली चलेको हो। पर्साको छिपहरमाई गापामा दुई पक्षबीचको झडप साम्य पार्न प्रहरीले चार राउन्ड हवाई फायर गरेको थियो।

धनुषाको शहीदनगर नगरपालिका–१ स्थित कुम्भकर्ण प्रावि मतदान केन्द्रमा विवाद भएपछि प्रहरीले हवाई फायर गरेको थियो। मत खसाल्ने विषयमा विवाद बढेर झडप भएपछि प्रहरीले एक राउन्ड हवाई फायर गरेको धनुषाका प्रहरी उपरीक्षक वसन्त रजौरेले बताए। विवाद भएर केही समय रोकिएको मतदान पुनः शुरू भएर सम्पन्न भएको छ।

त्यस्तै, महोत्तरीको बलवा नपामा पनि गोली चलेको छ। मतदानको क्रममा बलवा नगरपालिका–५ को मतदानस्थलमा विवाद हुँदा प्रहरीले एक राउन्ड गोली प्रहार गरेको थियो। बलवा–५ स्थित मनसिव महावीर आधारभूत विद्यालयमा रहेको केन्द्रमा जनता समाजवादी पार्टीबाट वडा नं ५ का उम्मेदवार धमेन्द्र यादवले रुजू गर्नका लागि राखिएको मतदाता नामावली च्यातिदिएपछि विवाद भएको थियो। विवादले उग्ररूप लिन थालेपछि सुरक्षाकर्मीले एक राउन्ड हवाई फायर गरेको जिप्रका, महोत्तरीका प्रवक्ता प्रनाउ प्रकाश विष्टले जानकारी दिए। पछि विवाद समाधान भएर मतदान सम्पन्न भएको उनले बताए।

सर्लाहीको धनकौलमा पनि गोली चलेको छ। मतदान शुरू हुनुअगावै कार्यकर्ताबीच झडप हुन थालेपछि प्रहरीले छ राउन्ड गोली प्रहार गरेको थियो। धनकौल गापा–२ पशु सेवा केन्द्र मतदानस्थलमा सुरक्षाकर्मीले हवाई फायर गरेको सर्लाहीका प्रहरी प्रवक्ता प्रनाउ माधवप्रसाद बुढाथोकीले बताए। राजनीतिक दलका कार्यकर्ताबीच ढुङ्गा हानाहान भएको थियो। केहीबेर विवाद भएपछि मतदान शुरू भएर सम्पन्न भएको थियो।

यस्तै, रौतहटको गढीमाई नपा–३ लक्ष्मीपुरमा मतदानको क्रममा झडप भएको छ। लक्ष्मीपुरस्थित खरिदी प्राथमिक विद्यालय भवनमा रहेको मतदान केन्द्रमा दुई पक्षबीच मतदानकै क्रममा विवाद भएर झडप भएको थियो। झडपमा करीब १५ जनाको टाउको फुटेको छ।

त्यसैगरी, रौतहटको फतुवा विजयपुर नगरपालिकामा मतदानका क्रममा विवाद भएपछि स्थितिलाई नियन्त्रणमा लिन प्रहरीले हवाई फायर गर्नुपरेको थियो। फतुवा विजयपुर–२ शीतलपुरमा काङ्ग्रेसबाट अध्यक्षका उम्मेदवार भविखन यादवले नक्कली मतदाता खडा गरेर मतदान गर्न ल्याएको भन्दै झडप भएको थियो। अवस्थालाई साम्य पार्न प्रहरीले पाँच राउन्ड हवाइ फायर गरेको रौतहटका प्रहरी उपरीक्षक विनोद घिमिरेले बताए।

रौतहटकै गढीमाई नपा २ र ३ मा झडप भएको थियो। त्यस्तै, बौधीमाई नपाको एक स्थानमा विवाद भएर मतदान स्थगित भएको छ।


रौतहटको झडपमा घाइते भएकाहरू। तस्वीरः प्रतीक


रौतहटमा मतपेटिका फोडिएको अवस्थामा। तस्वीरः सौजन्य

"लोकतन्त्रको आधारशीला: व्यावसायिक र जिम्मेवार पत्रकारिता"

नेपाल सरकार
विज्ञापन बोर्ड





हातमा मतदाता परिचयपत्र र साना नानीबाबु बोकी मतदान गर्न आएका मतदाता केहीबेर शीतलमा थकाइ मार्दै। निजगढमा केही दिनयता बिहानैदेखि गर्मी बढेको छ। तस्वीरः जीतलाल श्रेष्ठ